म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक ११३ मंगलबार, २३ मंसिर २०८२ ने. सं. ११४६ थिंलागा 9 December 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## थाहा नगरपालिकाले पनि सडक विस्तार थाल्ने

हेटौंडा, २२ मंसिर/मकवानपुरको थाहा नगरपालिकाले पनि सडक विस्तार थाल्ने भएको छ । हेटौंडा उपमहानगरपालिकाले गत मंसिर २० गतेदेखि सडक विस्तारको काम थालेको थियो । तर, अदालतको स्टे अर्डरका कारण हाललाई यो काम रोकिएको छ । थाहा नगरपालिकालेसडक विस्तारका लागि सडक सीमाभित्रका संरचना हटाउन ७ दिने अल्टिमेटम दिएको छ । नगरपालिका वडा नम्बर १ कार्यालयले सडक विस्तारमा अवरोध पुऱ्याउने संरचना हटाउन स्थानीयवासीलाई सातदिने अल्टिमेटम दिएको हो । वडा कार्यालयले सूचना जारी गर्दै निर्माणाधीन कुन्छाल-कुलेखानी सडक खण्डअन्तर्गत बज्रबाराही चौरदेखि पखमट धारासम्मको क्षेत्रमा सडक मिचेर बनाइएका संरचना हटाउन निर्देशन दिएको हो । यो सडकक्षेत्रमा बनाइएका घरटहरा हटाइ सडक विस्तारमा सहयोगका लागि आग्रह गरेको छ । अतिक्रमित संरचना नहटाए कानुनी प्रक्रियाअनुसार अघि बढ्ने जनाएको छ ।

# सडक विस्तार प्रभावितले जिल्ला प्रशासन कार्यालय घेरे

### समाचार संकलनमा खटिएका पत्रकारमाथि दुर्व्यवहार

मनिल महतो



हेटौंडा, २२ मंसिर/ दायाँबायाँ २५/२५ गज सडक विस्तारको विरोधमा हेटौंडाका घर धनीले सोमबार जिल्ला प्रशासन कार्यालय घेराउ गरेका छन् ।

विरोध प्रदर्शनमा उत्रिएका पीडितहरूले सडक डिभिजनले सर्वोच्च अदालतको आदेश विपरीत घर भत्काएको भन्दै आक्रोश व्यक्त गरेका छन् । उनीहरुले जिल्ला प्रशासन कार्यालय बाहिर नाराबाजी गरे । एकाबिहानै डोजर चलाएर घर भत्काइनु मानवअधिकारको ठाडो उल्लंघन भएको उनीहरुको आरोप रहेको छ । प्रभावितहरु आफ्नो लालपुर्जासहित प्रदर्शनमा उत्रिएका थिए । सडक डिभिजनले हेटौंडा उपमहानगरपालिकाभित्र पर्ने राष्ट्रिय लोकमार्गको सडक सीमा संरक्षण कार्यक्रम, २०८२ अनुसार मंसिर २० गते सीमाक्षेत्रमा परेका संरचना भत्काएको थियो ।

डिभिजनले शनिबार एकैदिन ५ सयभन्दा बढी संरचना भत्काएको हो । यद्यपि, सर्वोच्च अदालतले मंसिर १९ गते सडक विस्तारसम्बन्धी सूचना कार्यान्वयन नगर्न उत्प्रेषण आदेश जारी गरेको थियो । मंसिर २१ गते आदेश प्राप्त भएपछि सडक विस्तारकार्य हाल स्थगित गरिएको छ । सडक डिभिजनले शनिबार एकैदिन ७ किलोमिटर सडक सीमाभित्र पर्ने ५ सय घरटहरा सांकेतिकरुपमा भत्काएको थियो । 'सडक सीमा संरक्षण अभियानको क्रममा प्रकाशित सूचना विरुद्ध केही सरोकारवालाबाट सम्मानित सर्वोच्च अदालतमा रिट निवेदन पेसभई सम्मानित सर्वोच्च अदालतबाट मिति २०८२/०८/१९ मा जारी उत्प्रेषण आदेश मिति २०८२/०८/२१ गते, दिनको १२:४६ मा म्याद तामेल भएकोले सम्मानित अदालतको आदेशलाई सम्मान गर्दै सूचनामा उल्लेख गरिएका कार्यहरु हाललाई स्थगन गरिएको व्यहोरा अनुरोध छ,' डिभिजन प्रमुख गुरुप्रसाद अधिकारीले भने ।

सडक विस्तार रोकिए पनि आइतबार चौकीटोल क्षेत्रमा केही घरधनीले संरचना स्वयं हटाउन सुरु गरेका छन् । सडक सीमाभित्र परेका भौतिक संरचना ढिलाइ नगरी हटाउनुपर्ने नागरिक दबाबसँगै स्थानीय आफैं जुटेका हुन् । सडकलाई 'एसियन हाइवे'को मापदण्डअनुसार विस्तार गर्ने योजनाअनुरुप पुनर्निर्माणको छलफल पनि थालिएको प्रमुख अधिकारीले बताए । हाल भत्काइएको २५ गज (७५ फिट) बाहेकको जग्गा स्वामित्वको मुआब्जा वितरणका लागि छलफल भइरहेको कार्यालयले जनाएको छ । मापदण्डअनुसारको जग्गा सडकको स्वामित्वमा ल्याएर 'सेडब्याक' लगायतका विषय मिलाई सडक स्तरोन्नतिका लागि डीपीआर तयार गर्ने र चालु आर्थिक वर्षमै टेन्डर आह्वान गर्ने योजना सडक डिभिजन कार्यालयको छ ।

सर्वोच्च अदालतले हेटौंडाको सडक विस्तारसम्बन्धी सूचना कार्यान्वयन नगर्न मंसिर १९ गते उत्प्रेषण आदेश दिएको थियो । पूर्वप्रतिनिधिसभा सदस्यसमेत रहेकी स्थानीय विन्दवासिनी कंसाकारले दायर गरेको रिटमा अदालतका न्यायाधीश मेघराज पोखरेलको एकल इजलासले शुक्रबार सडक विस्तारको सूचना कार्यान्वयन नगरी यथास्थितिमा राख्नु, राख्न लगाउनु भन्दै सडक डिभिजन कार्यालय हेटौंडाको नाममा आदेश दिएको हो । उनले अन्तरिम आदेश माग गर्दै गत १६ मंसिरमा सडक डिभिजनविरुद्ध रिट दायर गरेकी थिइन् ।

#### सडक विस्तार प्रभावितबाट पत्रकारमाथि दुर्व्यवहार

हेटौंडामा सडक विस्तारका कारण प्रभावित स्थानीय जिल्ला प्रशासन कार्यालय मकवानपुर घेराउ गर्न पुगेका बेला समाचार संकलनका लागि खटिएका पत्रकारमाथि दुर्व्यवहार भएको छ ।

प्रशासनको मूल गेट बाहिर सडक विस्तारका क्रममा भत्काइएका घर बनाइदिनुपर्ने, मुआब्जा दिनुपर्ने, सिडिओको राजीनामा माग, सर्वोच्चको आदेश पालना गर, डोजर आतंक बन्द गर जस्ता माग राख्दै प्रदर्शन गरिरहेका प्रभावित परिवारले पत्रकारलाई धम्कीपूर्ण भाषा प्रयोग गर्दै भौतिक आक्रमणको प्रयास गरेका हुन् । प्रदर्शनकारीको दृश्य खिच्न प्रशासन कार्यालय अगाडिको सडक छेउमा रहेको माटोको ढिस्कोमा चढेका पत्रकारलाई सडकमा ओर्लिन र नओर्लिए राम्रो नहुने धम्कीपूर्ण भाषा प्रयोग गरेका थिए ।

आफूहरुको पक्षमा नबोलेको र समाचारमा स्थान नदिएको भन्दै केही प्रदर्शनकारीले आरोप लगाएका थिए । पत्रकारले 'तपाईंहरुको विषय समेट्नकै लागि यहाँ उपस्थित भएको बताउँदै सम्झाउन खोज्दा प्रदर्शनकारीको ठूलो भिड पत्रकार माथि जाइलागेको थियो । पत्रकारको समूहलाई घटनास्थलमा रहेका प्रहरीले सुरक्षा दिएको थियो । प्रेस स्वतन्त्रता र समाचार माध्यमको भूमिकामाथि चुनौती देखिने यस्ता घटनाप्रति सम्बन्धित निकायले तुरुन्त ध्यान दिनुपर्ने माग पत्रकारहरुको छ ।

## भत्किएका घरहरूको भग्नावशेषमै व्यापार, ग्राहकको भीड

### हेटौंडाको बजारक्षेत्र जोखिममा



साझाकुरा संवाददाता

हेटौंडा, २२ मंसिर/ हेटौंडा बजारको मुख्य सडक विस्तारका क्रममा सडक डिभिजन कार्यालयले भत्काएका संरचनाका कारण बजार क्षेत्रमा सुरक्षा जोखिम बढेको छ ।

सडक सीमाभित्र परेका घरटहरा भत्किँदा बनेका भग्नावशेष, आधा झरेका भवनका भाग, असरल्ल झुन्डिएका तार तथा फुटपाथमै थुप्रिएका सामग्रीले आवतजावत निकै जटिल बनेको स्थानीयले बताएका छन् । फुटपाथमा नै ढलेका विद्युत् पोल, झुन्डिएका बिजुली तथा इन्टरनेटका तार, सडकमा छरिएका असरल्ल तार, सडक किनारमा ढलेका अशोकका रुख र थुप्रिएका इँटा, रड तथा ढलानका टुक्राका कारण पैदलयात्रु मुख्य सडकमै हिँड्न बाध्य भएका छन् । अस्पताललगायत अत्यावश्यक सेवातर्फ जाने मुख्य बाटो भएकाले बिरामी, ज्येष्ठनागरिक तथा अपाङ्गता भएका व्यक्तिहरु थप समस्यामा परेका छन् ।

केही स्थानमा भत्काइएका संरचनामुनि नै व्यवसायीले सेलमा सामान बेचबिखन गरिरहेका छन्, जसले दुर्घटनाको सम्भावनालाई अझ बढाएको छ । सुविधाविहीन स्थानमा राखिएका सामान किन्न ग्राहकको भीड लागिरहनुले बजार गतिविधि पुन: चलायमान बनेको देखिन्छ । भौतिक संरचना गुमेपनि व्यवसाय बचाइराख्न इट्टा, ढुंगा, काठकै थुप्रैमाथी बसेर उनीहरु व्यापार गरि रहेका छन् । धेरै व्यापारीहरु भौतिक संरचना गुमाएपछि व्यवसाय गुम्ने होकि भन्ने चिन्ताले खुला व्यापारलाई निरन्तरता दिएको बताउछन् । 'व्यापार नै गुम्ने हो कि भन्ने चिन्ता थियो, त्यसैले भत्केको ठाउँमै पसल चलाइरहेका छौं,' एक व्यापारीले भने ।

सडक विस्तारका कारण क्षति पुगेका व्यापार पुन: सञ्चालनका लागि राहत, पुनर्स्थापना र वैकल्पिक व्यवस्थापन गरिदिन उनीहरुले सरकारसँग आग्रह गरे । डोजर परिचालनका क्रममा कमजोर बनेका ती संरचना जुनसुकै बेला ढल्न सक्ने जोखिम रहेको प्राबिधिकको भनाई छ । घरको अगाडिको भाग मात्र भत्काइएकाले बाँकी संरचना कमजोर बनेको अवस्थमा रहेको छ । पूर्वपश्चिम राजमार्गअन्तर्गत् रातोमाटेदेखि बुद्धचोक हुँदै राप्ती पुलसम्म र त्रिभुवन राजपथअन्तर्गत बुद्धचोकदेखि सामरी पुलसम्मका सडक खण्डमा मध्यरेखादेखि २५/२५ गजभित्रका संरचना हटाउन सडक डिभिजन कार्यालयले मंसिर ५ गते १५ दिने सूचना जारी गरेको थियो ।

तोकिएको अवधि सकिँदा सम्म संरचना नहटाएपछि शनिबार करिब ५ सयभन्दा बढी संरचना डोजरले भत्काइएको हो । तर, सर्वोच्च अदालतबाट मंसिर १९ गते जारी उत्प्रेषण आदेश मंसिर २१ मा प्राप्त भएपछि सडक डिभिजन कार्यालयले विस्तार कार्य हाललाई स्थगित गरेको छ । एकसातापछि पुन: डोजर चल्ने बताइएको छ ।

## २० फागुनसम्म १८ वर्ष पूरा भएका व्यक्तिले भोट हाल्न पाउने



हेटौंडा, २२ मंसिर/ मतदाता नामावलीमा नाम दर्ता गरेका र २० फागुनसम्म १८ वर्ष पूरा भएका व्यक्तिले २१ फागुनमा हुने प्रतिनिधिसभा निर्वाचनमा मतदान गर्न पाउने भएका छन् ।

निर्वाचन आयोगको मंसिर २० गतेको निर्णयअनुसार यस्तो व्यवस्था मिलाएको हो । 'प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि मतदाता नामावली अद्यावधिक गर्ने सम्बन्धमा २० फागुनसम्म १८ वर्ष उमेर पूरा हुने मितिलाई निर्दिष्ट मिति निर्धारण गरी मिति २०८२/८/५ सम्म देशभरबाट संकलित मतदाताको विवरणलाई अद्यावधिक गर्ने गरी आयोगबाट मिति २०८२/८/२० मा निर्णय भएको छ,' आयोगले सोमबार जारी गरेको विज्ञप्तीमा भनिएको छ ।

मतदाता नामावली अद्यावधिक (दाबी विरोध) कार्यक्रम अन्तर्गत संकलित मतदाताको विवरण आयोगको वेबसाइटमा प्रकाशन भएपछि २६ मंसिरसम्म मतदाताले नामावलीमा रहेको त्रुटि सच्याउन निवेदन दिन सकिनेछ ।


**एसियन पेन्ट्स (नेपाल) प्रा.लि को जग्गा बिक्री को लागि खरिद गर्न ईच्छुक व्यक्ति/फर्म वा कम्पनीहरुको खुल्ला बोलपत्र आव्हान सम्बन्धि सूचना ।।।**

यस एशियन पेन्ट्स नेपाल प्रा.लि ("कम्पनी") को स्वामित्वमा रहेको तपशील बमोजिमको बाउण्डरी वाल सहितको जग्गा/जमिन, बोलपत्रमा मञ्जुर गरेको मुल्यमा तपशीलमा तोकेको मापदण्ड भित्र रहि उक्त जग्गा जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा खरिद गर्न लेखिएका सम्पुर्ण शर्तहरु पालना गरि उल्लेखित कागजात सहित प्रचलित प्रकृया अनुसार खरिद गर्न ईच्छुक व्यक्ति/फर्म वा कम्पनीले आफुले कबोल गरेको जमिनको मुल्य विवरण प्रस्तावमा उल्लेख गरि सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र कम्पनीको ठेगाना (पो.ब.नं ३७, एशियन पेन्ट्स नेपाल प्रा.ली, श्रम सम्बन्ध समिति हेटौंडा औद्योगिक क्षेत्र, हे.उ.म.न.पा ८) शिलबन्दि खामको बाहिरी भागमा प्रयोजन समेत खुलाई आशयपत्र दर्ता गर्न गराउनुहुन सुचित गरिन्छ ।

(क) जग्गाको विवरण:

(१) जग्गाको ठेगाना: मकवानपुर जिल्ला,साबिक रातोमाटे ५, हाल हेटौंडा उपमहानगरपालिका वडा नं १५ ।

(२) जग्गा क्षेत्रफल: ज.बि. २-५-०-० (४५ कठ्ठा) सम्पुर्ण परिमाण

(३) जग्गा कित्ता नं: २१७९, २१८१, २३७०, २३७१, २३७२, २३७३, २३७५,२३७६, २३७७, २३७८, २६०१, २६०३

(ख) कम्पनीको श्रम सम्बन्ध समितिले तोकेको शर्तहरु:

१) ईच्छुक व्यक्ति/फर्म वा कम्पनीले आफ्नो परिचय खुल्ने कागजात (व्यक्तिको हकमा ना.प्र.प को प्रतिलिपि, कम्पनी वा फर्मको हकमा सम्बन्धित फर्म वा कम्पनी प्रोफाईलको पछिल्लो प्रवन्धपत्र र नियमावली,प्यान र भ्याट दर्ता प्रमाण पत्र र नविकरण भएको कागजात सहित नक्कल कागजात को प्रत्येक पानाको पछाडी आधिकारीक हस्ताक्षर र छाप अनिवार्य गरि आशय-पत्रसाथ पेश गर्नुपर्नेछ ।

२) कम्पनीको श्रम सम्बन्ध समितिको सुचना अनुसार ईच्छुक व्यक्ति/फर्म वा कम्पनीहरुले कबोल गरेको मुल्यको आधारमा अधिकतम मूल्य कबोल गर्ने व्यक्ति/फर्म वा कम्पनीहरुलाई श्रम सम्बन्ध समितिको बैठकमा अनुमोदनको लागि पेश गरिनेछ ।

३) शर्त नं २ अनुसार खरिद गर्न ईच्छुक व्यक्ति/फर्म वा कम्पनीले रु.२०,००,०००/- (अक्षेरुपी बिस लाख रुपैंया मात्र) कम्पनीको आबास कोषको खाता (ASIAN PAINTS N.P.L.E.H.FD-Nabil Bank Hetauda को खाता नं 02301017502926) मा जम्मा गरि Bank Deposit Voucher वा Unconditional Irrevocable Bank Guarantee and Payable on Demand वा Good for Payment आशय पत्रसाथ दाखिला गरि श्रम सम्बन्ध समितिको बैठकबाट तोकिए अनुसारको प्रकृया पुरा गर्नु पर्नेछ ।

४) यसरी दाखिला गरिएको रकम सम्पुर्ण छनौट प्रक्रिया पुरा नभएसम्म धरौटि कायम रहने छ । सो रकम बोलपत्र छनौट प्रक्रिया पुरा सम्पन्न नभएसम्म जम्मा गरी राख्नुपर्ने छ र यदी छनौट प्रक्रियामा संलग्न व्यक्ति/फर्म वा कम्पनीहरु छनौटमा नपरेमा उक्त जम्मा गरेको रकममा ब्याज थप नहुने गरि फिर्ता हुनेछ । छनौट नभएका आशय पत्रहरुको आधारमा सम्बन्धित व्यक्ति/फर्म वा कम्पनीहरुको रकम तोकिएको बैंक खाता वा प्रतिनिधिलाई चेक मार्फत फिर्ता गरिनेछ ।

५) बोलपत्र प्रकृयामा,यदि जमिन खरिद गर्न ईच्छुक व्यक्ति/फर्म वा कम्पनीहरुले कबोल गरेको मुल्यको आधारमा प्रकृया अघि बढ्ने वा नबढ्ने सम्बन्धमा श्रम सम्बन्ध समितिले गर्ने निर्णय नै आधिकारिक हुनेछ । शर्त भित्र योग्य भएका बोल कबोल कर्तालाई छनौट प्रकृयामा समावेश गर्ने सम्बन्धमा पत्र वा छिटो माध्यम बाट जानकारी दिईनेछ।

६) स्वार्थ बाझिने अवस्थालाई निरुत्साहन गर्न,एशियन पेन्ट्स (नेपाल) प्रा.लीमा सम्बद्ध कुनै कम्पनी, व्यबशायीक व्यक्ति वा फर्म वा कम्पनी वा एशियन पेन्ट्स नेपालमा कार्यरत कामदार/कर्मचारी वा पुर्व कामदार/कर्मचारी आफ्नै वा नातेदार संलग्न कम्पनीहरुले बोलपत्र प्रक्रियामा सहभागी हुन ईच्छा भएमा प्रकृयाको अगावै स्वघोषण गरि जानकारी गराउनुपर्नेछ । जानकारी नगराई प्रकृयामा सहभागि भईरहेकोमा जग्गा बिक्री/नामसारिको कुनै पनि चरणमा सो देखिएमा उक्त फर्म वा कम्पनीलाई श्रम सम्बन्ध समितिले अयोग्य घोषित गरि बर्खास्त गर्नेछ ।

७) म्याद नाघि वा रित नपुगी, शर्त तोकी वा शर्त नपुगी प्राप्त भएका आशयपत्र उपर कुनै कारबाही गरिनेछैन । जुनसुकै शर्त तोकेको भएता पनि सूचना अनुसारका शर्तहरु मात्र मान्य हुनेछ । यस प्रक्रियामा कुनै विवाद श्रृजना भएमा कम्पनीको श्रम सम्बन्ध समितिको निर्णय अन्तिम हुनेछ ।

८) कम्पनीले नेपालको विद्यमान कानुनले तोकेको निर्दिष्ट प्रकृया पुरा गरी जग्गा बिक्री/नामसारी संग सम्बन्धित सम्पुर्ण कार्य गर्न सम्बन्धित मा.पो.का, नगरपालिका/वडा तथा अन्य सरकारी निकायमा गई सहजीकरण गरि हक हस्तान्तरण गरिदिनेछ । तोकिएको राजश्व,सरकारी दस्तुर र सो जमिनको बिक्रि अन्तर्गत लाग्ने शुल्क नियमानुसार कम्पनीले भुक्तान गरिदिनेछ । प्रचलित कानुन अनुसार जग्गाको थैली मूल्यको आधारमा जग्गा खरिद प्रावधान अनुसार खरिदकर्ताले बुझाउनुपर्ने रकम सम्बन्धित व्यक्ति/फर्म वा कम्पनीले भुक्तानी गर्नुपर्नेछ ।

९) जग्गा खरिद गर्ने आशयपत्र पेश गरिसकेपछि श्रम सम्बन्ध समितिले तोकेको प्रकृयामा समावेश भए पश्चात प्रकृयाको बिचमा छोडेमा वा आलटाल गरि १५ दिन भन्दा बढि समय कम्पनीको सम्पर्कमा नआएमा वा बोल कबोल स्विकृत भए पश्चात समय भित्र नामसारी गरि लिन नआएमा वा ईन्कार गरेमा श्रम सम्बन्ध समितिले सम्बन्धित व्यक्ति/फर्म वा कम्पनीको खरिद नगर्ने नियतको ठहर गरी उक्त बैङ्क ग्यारेन्टि दाबी गरि श्रम सम्बन्ध समितिले जफत गर्नेछ । बोल कबोल स्विकृत भए पश्चात २ महिना भित्र जग्गा नामसारी दिनु लिनु गरिसक्नुपर्नेछ ।

१०) कम्पनीले उक्त जग्गा खरिद गर्न ईच्छुक व्यक्ति/फर्म वा कम्पनीको निर्धारित लागत शुल्क जग्गा बिक्री बापतको सम्पुर्ण रकम कम्पनीको बैंक खातामा प्राप्त भए पछि वा Good For Payment को चेक प्राप्त भई सकेपछि वा जग्गा बिक्रिको अन्तिम फरफारक भए पछि नामसारी गरिदिनेछ ।

११) खरिद गर्न इच्छुक व्यक्ति/फर्म वा कम्पनीले प्रचलित कानुन अनुसार बुझाउन पर्ने कर,बिगो,जरिवाना तथा निकायहरुमा तिर्नु बुझाउनु पर्ने अन्य कुनै कानुनी दायित्व प्रति श्रम सम्बन्ध समिति तथा कम्पनी जिम्बेवार हुनेछैन ।

१२) यस सुचनामा माथी उल्लेखित बुंदाहरुमा केहि कुनै ब्यहोराको बिवाद उत्पन्न भएमा सो सम्बन्धमा कम्पनीको श्रम सम्बन्ध समितिले गर्ने निर्णय नै आधिकारिक र अन्तिम हुनेछ ।

आशय पत्र आह्वानकर्ता
श्रम सम्बन्ध समिति
एशियन पेन्ट्स नेपाल प्रा.लि
हे.औ.क्षे ह -हेटौंडा उप महानगरपालिका वडानं ८
पो.ब.नं ३७



**कर्मचारी आवश्यकता**

एक प्रतिष्ठित कम्पनीको लागि निम्न अनुसारको कर्मचारी आवश्यकता परेको हुँदा इच्छुकले तुरुन्त सम्पर्क गर्नुहोला ।

| पद | आवश्यक संख्या |
|---|---|
| कुक | १ जना |
| बेकरी म्यान | १ जना |

सम्पर्क नं. ९८५५०७२११९



**सम्पूर्ण ब्राण्डका गाडी**

**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

☞ कार वास भित्र/बाहिर
☞ वायरिङ मर्मत
☞ मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
☞ इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**

हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०२३३

साझाकुरा

## हाम्रो कुरा

# हेटौंडा दुखी, कैलाश खुशी

कालोपत्रे सडकले कैलाश गाउँपालिकाको केन्द्र जोडिने खबर कैलाशबासीमा निकै उत्साह दिलाएको छ । सडकको ट्र्याक खन्न सुरु गरेको चारदसक पछि बल्ल मकवानपुरको एउटा सडक कालोपत्रे हुने निश्चित भएपछि कैलाशबासीमा खुशियाली छाएको हो । मकवानपुरको दुर्गम कैलाश गाउँपालिका जोड्ने सडक पहिलोपटक कालोपत्रे हुन लागेको हो । त्रिभुवन राजपथको चुनियाँबाट नामटार हुँदै कैलाशको केन्द्र कालिकाटार पुग्ने २३ किमि सडक कालापत्रे भएपछि कलाशबासीको खुशी बढ्नेछ । कैलाशको ग्रामीण भेगमा बसोबास गर्ने नागरिक्ले दुख झेल्न नसकेर बसाइसराई गर्न थालेको थुप्रै वर्ष भयो । त्यही कैलाशबाट हेटौंडा झरेर मेनरोडमा बस्ने ब्यक्ति यतिबेला निराश बन्नु परेको छ । एशियाली विकास बैंक र विश्व बैंकले नेपालको पूर्वपश्चिम राजमार्गलाई 'एसियन हाईवे' भने ३७ देशको रोड कनेक्टिभिटी कार्यक्रममा जोड्दै छ । यसो गर्नका लागि राजमार्गको मापदण्ड कायम गराउन सडकको केन्द्रबिन्दुदेखि दायाँबायाँ कुल ५० गजको चौडाई हुनै पर्छ । फेरि नगर पालिकाले भवन निर्माण मापदण्डभित्र थप ७ मिटर सेडब्याक छोडेर मात्र भवन निर्माण गर्नुपर्ने गरी मापदण्ड बनाएको छ । सार्वजनिक सडक ऐन, २०३१ जारी भएर २०३३ सालमा पहिलोपटक सरकारले राजपत्रमा सडक सीमाबारे सूचना प्रकाशित गरेको थियो । ५० वर्ष पूरानो सडक सीमाको विवाद आज आएर करिब टुंगिने भएको छ ।

सडक डिभिजन हेटौंडाले एसियन होइवे निर्माणका लागि हेटौंडाको मुख्य बजार क्षेत्रमा निर्मित घरटहरा र संरचना हटाएर सडक विस्तार सुरु गरेसँगै ५ दशकको विवाद, अन्यौलता अब हट्न लागेको हो । सार्वजनिक सडक ऐन २०३१ जारी भएदेखि बजारको मुख्य सडक फराकिलो पार्ने चर्चा हुने गरेको थियो । '२०३१ सालबाटै बजारको सडक फराकिलो बनाउनुपर्ने विषय उठेको हो । आज आएर सडक विस्तार कार्यले रुप लिन लागेको छ । २०३१ सालमा सडक ऐन जारी भएपछि त्यो समय भन्दा अगाडि बनेका घरटहरा र सडकलाई चाहिने क्षेत्रफलको मुआब्जा बाँड्ने भनेर तत्कालीन सरकारले सूचना जारी गर्‍यो । भीमफेदीमा रहेको जिल्ला सदरमुकमाबाट मुआब्जा तत्कालीन चलनचल्तीको दररेटमा बितरण गर्ने कार्य पनि सुरु भयो । त्यो मुआब्जाको विवाद अहिलेसम्म कायम रहेको छ । 'मुआब्जाको विवाद निकालेर पहिल्यैदेखि हेटौंडाको सडक बिस्तार हुन नसकेको हो । २०३१ मा सडक ऐन जारी भएपछि राजमार्गले आफ्नो क्षेत्राधिकार ओगटेको थियो । तत्कालीन राजा वीरेन्द्रलाई हेटौंडाका घरधनी र व्यवसायीले बजार क्षेत्र ऐतिहासिक सहर भएको र मानवबस्तीबाट सडक लैजान नहुने भन्दै बाइपासको ब्यवस्था गर्न बिन्तीपत्र हालेका थिए । सडकले आफ्नो सडक क्षेत्रभित्रको जग्गाको लगतकट्टा गरी नागरिकबाट अलग गर्नु पर्थ्यो तर, त्यस्तो हुन सकेन । व्यक्तिको नाममा लालपूर्जा हुने परिस्थिति नगरी लगतकट्टा गरी लिनसक्नु पर्नेथियो । कानुनले लियो, व्यवहारमा व्यक्तिको हातमा लालपूर्जा कायमै रह्यो । त्यही लालपुर्जा बजार क्षेत्रका जग्गाधनीले बैंक तथा बित्तीय संस्थामा धितो कायम गर्ने र ॠण लिने, किस्ता तिर्ने काम पनि गरे । त्यही जग्गामा सरकारलाई चाहिएको खण्डमा कुनैपनि बेला घर भत्काउन तयार छु भनेर ल्याप्चेछाप गरेर नगरपालिकाबाट नक्सा पास पनि भयो ।

लामो समयदेखिको विवाद यही थियो । व्यक्तिले त्यो जग्गाको कर, मालपोत तिर्दै आएकाले भूमि अधिकार खोज्नु र सरकारले ३१ सालको सडक ऐन देखाउँदा विवाद भयो । २०३१ सालमा सडक ऐन जारी भएपछि २५ गजको क्षेत्र राज्यको भनेर ३३ सालमा राजपत्रमा प्रकाशित गरेको थियो । त्यतिबेलादेखि हेटौंडाको सडक संघर्ष भयो । गएको शनिबार सडक डिभिजन कार्यालयले बिहान ५ बजेदेखि आधा दर्जन ठूला उपकरण प्रयोग गरेर बजारका ५ सय भन्दा बढी घरटहरा भत्कायो । ठूलो संख्यामा सुरक्षाकर्मी परिचालन गरेर सडक डिभिजन हेटौंडाले सडक सीमाको केन्द्ररेखादेखि २५/२५ गज (७५/७५ फिट) भित्र यसअघि नै रेखांकन गरिएका घरटहरा र संरचना भत्कायो । रातोमाटेदेखि कर्राचोक, मेनरोड, बुद्धचोक, राप्तीरोड, पिपलबोट हुँदै चौकीटोलक्षेत्रका सडक सीमाभित्र निर्मित घरटहरा भत्काइएपछि रुवाबासी चलेको छ । महेन्द्र राजमार्गको रातोमाटेदेखि बुद्धचोक हुँदै राप्ती पुलसम्म र त्रिभुवन राजपथको बुद्धचोकदेखि सामरी पुलसम्मको ८ दशमलव ५ किलोमिटर सडक विस्तार हुँदैछ । सडक डिभिजनले ५ सय ३१ वटा घरटहरा तथा अन्य संरचना भत्काउनुपर्ने जनाएको छ । सडकको केन्द्रबिन्दुबाट २५/२५ गजभित्र सडकको दायाँतर्फ २ सय ३४ वटा र बायाँतर्फ २ सय ९७ वटा घर, टहरा र संरचना भत्काउनुपर्ने सडक डिभिजनले जनाएको छ । २०२६ सालमा नगरपञ्चायत भएपछि घर बनाउँने ब्यक्तिले राज्यलाई आवश्यक पर्दा संरचना भत्काउने सहमति गरेर नक्सा पास दिने गरेको थियो । नगर पालिकाले पनि यही नियमलाई टेकेर नक्शापास दिँदै आएको थियो ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

साझाकुरा

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ मंसिर २४ गते बुधबार १० डिसेम्बर २०२५ । षष्ठी, पौष कृष्णपक्ष । थिंलागा ११४६ ने.सं. । सूर्योदय ६:४५ सूर्यास्त ५:०७ । विश्व मानव अधिकार दिवस

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : मनोकांक्षा सिद्धि हुनेछ | तुला | : वस्त्र-भोजन प्राप्त हुनेछ |
| वृष | : गरेको कार्यमा सफलता मिल्नेछ | वृश्चिक | : योजना कार्यान्वयन हुनेछ |
| मिथुन | : नयाँ कार्ययोजना बन्नेछ | धनु | : व्यापार राम्रो चल्नेछ |
| कर्कट | : आकस्मिक लाभ हुनेछ | मकर | : मीठो खाने अवसर मिल्नेछ |
| सिंह | : राम्रो अवसर गुम्नेछ | कुम्भ | : घर परिवारमा मेलमिलाप हुनेछ |
| कन्या | : खर्च र दु:ख बढ्नेछ | मीन | : मनमा शङ्का बढ्नेछ |

# गगन थापाले देश र कांग्रेसमा खोजेको परिवर्तन



सुदर्शन आचार्य

थाहा छ, शीर्षकले नै कतिपयको मनै अमिलो बनाउने निश्चित छ । तर सत्य के हो भने उत्तरी छिमेकी, भीमकाय मुलुक चीनमा देङ स्याओ पिङ, मलेसियाले समेत लिन अस्वीकार गरेको सिंगापुरमा ली क्वान यू र दक्षिण अफ्रिकामा नेल्सन मण्डेला नेतृत्वमा आउनुपूर्व उनीहरूका बारेमा समेत अनुहार खुम्च्याउनेहरूको कमी थिएन । विदेशी एजेन्ट बताएर ट्याक्टर कारखानामा कामदारका रूपमा थन्क्याइएका देङ कामदारबाट बाहिर निस्किएर उनकै नीतिले चीनले आजको चीन बन्न मद्दत पुगेको देख्दा आश्चर्य मान्नुपर्ने हुन्छ । सिंगापुर निर्माणको सपना बोकेका लीले पाएको हन्डर सिंगापुर निर्माणमा उनले उठाएको जोखिम र संकल्प आफैंमा दुस्साहसपूर्ण लाग्छ । तर देङ, ली र मण्डेलाले जोखिम उठाएकै कारण आफूले नेतृत्व गरेको देशलाई माथि त उठाए नै, इतिहासमा समेत स्वर्णिम अक्षरले आफ्नो नाम लेखाए ।

हो, नेपाल पनि आज त्यस्तै एक थान नेताको तीव्र खोजी तथा व्यग्र प्रतीक्षामा छ । जसले पार्टी, परिवार र बिचौलियाको प्रभावमा नपरी नेपाल निर्माण सम्भव गराओस् । जेनजी विद्रोहपश्चात् नेपालको राजनीतिले नयाँ बाटो तय गर्ने निश्चित छ । तर, त्यसका निम्ति भने केही समय प्रतीक्षा गर्नैपर्ने हुन्छ । प्रसंग शुरु गरौं- ११ मंसिर, २०८२ मा संचारकर्मीले 'भावी प्रधानमन्त्री को ?' शीर्षकमा प्रकाशित गरेको एउटा आलेखबाट । त्यसमा उठाइएको छ- लोकतान्त्रिक देशमा प्राय: चुनावअघि नै भावी प्रधानमन्त्री वा राष्ट्रपतिको सम्भावित उम्मेदवार थाहा हुन्छ । राजनीतिक दलहरूले चुनावमा जाँदा नै फलानो नेता सरकारप्रमुख बन्नेछन् भनेर जनतासँग भोट माग्छन् । उक्त आलेखमा प्रकाशित विषयपछि आजको मितिसम्म आइपुग्दा भावी प्रधानमन्त्रीका बारे राष्ट्रिय बहस प्रारम्भ भएको पाइँदैन । यसरी बहस प्रारम्भ नगरिनुका पछाडि दुई कारण स्पष्टै देखिन्छ ।

पहिलो, घोषित मिति, अर्थात् फागुन २१ मा आमनिर्वाचन हुनेमै द्विविधा र दोस्रो कारण हो, नेपालका राजनीतिक दलभित्र 'टावर पर्सनालिटी' को खडेरी । तथापि, लोकतन्त्रलाई लयमा ल्याउनका निम्ति पनि निर्वाचन अपरिहार्य छ भने आसन्न कांग्रेस महाधिवेशनमा सभापतिका रूपमा त गगन थापा 'नो डाउट', भावी प्रधानमन्त्रीका रूपमा समेत उनलाई हेर्न थालिएको छ । कांग्रेस महामन्त्रीका रूपमा क्रियाशील गगन नेपाली राजनीतिलाई नजिकबाट नियाल्नेका लागि मात्र नभई राजनीतिमै चासो नराख्नेका लागि समेत चिनाइराख्नुपर्ने नाम होइन । समकालीन राजनीतिक फाँटमा क्रियाशील पुस्तामध्ये जोखिम उठाएकै कारण सर्वाधिक चर्चामा समेत उनी छन् । विरासतको राजनीतिबाट जन्मँदै चर्चामा रहने भाग्यशाली नेताको सूचीमा उनी नरहे पनि सडक संघर्षबाट राजनीतिमा जबरजस्त स्थापित नेता हुन्, गगन । उनको नाम लिनेबित्तिकै 'जोखिम' भन्ने शब्द पनि सँगै जोडिएर आउने गर्दछ ।

बीपी कोइरालाकालीन समयलाई छाडेर तुलनात्मक रूपमा कमै उमेरमा कांग्रेस महामन्त्री भएर क्रियाशील गगनबारे हिजोका मितिमा नेपाली राजनीतिमा उनले उठाएका र उठाउँदै आएका जोखिमबारे चर्चा नगरी 'प्रधानमन्त्रीमा अब गगन' भनेर चर्चा गरिनु सान्दर्भिक नहोला । भदौ २३ र २४ को आगो निभ्न नपाउँदै एउटा जिम्मेवार पार्टीको जिम्मेवार नेताको हैसियतले मुलुकमा राजनीतिक स्थिरतादेखि सुशासन समेत दिन नसकेको स्वीकारोक्ति सहित पार्टी र सरकार समेतको आलोचना गर्दै आफू भने सच्चिने प्रतिबद्धता लिएर जनतासामु प्रस्तुत भए । आफ्नै पार्टी सम्मिलित हिजोको सरकारका प्रधानमन्त्रीको बेडरुमसम्मै बिचौलियाको प्रवेश बारेको उनको अभिव्यक्ति केपी सरकारकै समयमा चर्चामा थियो । उनी भन्दै थिए, 'विचार नै नमिल्नेसँग गठबन्धन, त्यो पनि सरकार ।' तथापि, पार्टीभित्र अल्पमतमा परेका कारण टुलुटुलु हेर्न बाहेक हिजो विकल्प नै थिएन । तर, अबका दिन 'न झुक्छौं, न झुक्किन्छौं ।'

प्रश्न गर्नु मात्र राजनीतिक योग्यता होइन । प्रश्नै गर्नका निम्ति नेपाली पत्रकारलाई नै छायाँमा पार्ने गरी 'स्टन्ट' वाला नयाँहरू व्यापक प्रश्न लिएर नेपाली राजनीतिमा उदाएका छन् । तर, आज नेपाल र नेपालीका लागि जवाफ दिने नेतृत्व चाहिएको छ । सँगै, राजनीतिमा जोखिम उठाउन तयार नेता पनि । भावी प्रधानमन्त्रीका रूपमा बुझ्न लागिएका गगनले हिजो उठाएका जोखिमबारे केही विवेचना गरौं । तत्कालीन राजा ज्ञानेन्द्र शाहले २०६१ माघ १९ मा शासनसत्ता हातमा लिएर प्रत्यक्ष शासन प्रारम्भ गरेलगत्तै विद्यार्थी नेताकै हैसियतले शाही शासनका विरुद्ध उनी सडक आन्दोलनको नेतृत्व गर्न पुगे । आन्दोलनकै दौरानमा राज्यद्रोहको मुद्दा खेप्न पुग्दा पनि उनी सडकको मोर्चाबाट पछि हटेनन् । सोही कारण तत्कालीन शाही शासनका विरुद्ध जनमत निर्माण गर्न महत्वपूर्ण आधार बन्न पुग्यो । सडक आन्दोलन चर्कंदै जाने र तत्कालीन राजाले शासन सत्ता नछाड्ने गोलचक्कर बीच गगन गणतन्त्रको पक्षमा गगनभेदी नारा लगाउँदै उभिन पुगे । कांग्रेसकै कतिपय शीर्ष तहका नेता राजाको पक्षमा उभिएको समयमा गगन गणतन्त्रको पक्षमा उभिनु तत्कालीन समयमा कम चुनौतीपूर्ण थिएन । तथापि, उनी सतिसाल भएर उभिए ।

सँगै, नेतृत्वलाई युवाको भावना अनुसार चल्न र नेतृत्वमा युवालाई पुर्‍याउन गगनले आज शेरबहादुर देउवाकालीन समयमा मात्र विद्रोह गरेका होइनन् । २०६२/६३ को आन्दोलनकै दौरानमा गणतन्त्रको आवाज उठाउन पुगेका गगनले आन्दोलनलगत्तै कांग्रेसका तत्कालीन सभापति गिरिजाप्रसाद कोइरालाका कार्यशैलीको समेत खुलेर विरोध गरे । कोइरालाको कार्यशैलीप्रति मौन रहँदा नेपाल विद्यार्थी संघको सभापति प्राप्त हुने कुरा उनले नबुझेका होइनन् । तर, उनले त्यो सभापति पदलाई भन्दा ज्यादा आफ्नो मान्यता, अर्थात् कोइरालाले सत्तामा बढी समय बिताएको र नयाँ पुस्तालाई अवसर नदिएको विषय उठाएर कोइरालालाई एकप्रकारले वैचारिक टक्कर नै दिए ।

गगनले उठाएको जोखिम तत्कालीन राजा ज्ञानेन्द्र शाह र तत्कालीन कांग्रेस सभापति कोइरालासँग मात्रै सम्बन्धित थिएन । समानान्तर सरकारको अभ्यास नै थालेका अख्तियार दुरुपयोग अनुसन्धान आयोगका तत्कालीन प्रमुख लोकमानसिंह कार्कीविरुद्ध 'सत्ता सञ्चालन सिंहदरबारले गर्ने हो, टंगालले गर्ने होइन' मात्र भनेनन्, व्यवस्थापिका संसद्मा महाभियोग लगाएर उनलाई हटाउन महत्वपूर्ण भूमिका नै खेल्न पुगे । शक्तिशाली अख्तियार प्रमुख कार्कीका विरुद्ध महाभियोग लगाउने विषय उक्त कालखण्डमा निकै जोखिमपूर्ण थियो । उनले उठाएका जोखिमका शृंखला त्यतिमै रोकिएन । २०६२/६३ को जनआन्दोलनले १० वर्षे माओवादी सशस्त्र द्वन्द्वको अन्त्य त गर्‍यो नै, तर त्यस समयमा भएको हिंसात्मक गतिविधि र युद्धको 'वैचारिक आलोचना' भने गगनले गरी नै रहे । जसको मूल ध्येय भनेको माओवादीलाई लोकतान्त्रिक प्रणालीमा पूर्ण रूपमा समाहित गराउनु र सशस्त्र द्वन्द्वका समयमा भए/गरेका कमजोरी स्वीकार्न दबाब दिनु नै थियो । झट्ट सुन्दा 'भावनात्मक र जनप्रिय' लाग्ला, तर ठोस तथा वैचारिक तर्कबेगर नै आफूबाहेक बाँकीको कटाक्ष गर्ने नयाँ भनिएका दलहरूको समेत धरातल औंल्याइदिँदै आएका गगन कांग्रेसले नै जनतालाई 'वास्तविक र जिम्मेवार विकल्प' दिनुपर्ने पक्षमा उभिएका छन् । उनी भन्दैछन्, 'मेरो नेतृत्वमा कांग्रेस निर्माण हुँदै गर्दा कांग्रेसले गुमाएको मौलिक चेत, जस्तै- २००६ सालको जस्तो क्रान्तिचेत, २०१५ सालको जस्तो जनमुखी, २०४८ सालको जस्तो लोकप्रिय र २०६२ सालको जस्तो राष्ट्रिय अभिभावकत्वको जिम्मेवारीबोध भएको कांग्रेस निर्माण गर्न चाहन्छु ।

पछिल्ला वर्षहरूमा 'प्रिन्सिपल' भन्दा पनि 'सत्ता' लाई हामीले महत्व दियौं । सँगै 'ग्लोबल सिटिजन' बनिसकेको पुस्ताले खोजेको गति हामीले समात्नु परेको छ । उनी थप्दैछन्, 'पार्टीलाई त्यो सोच्ने तहमा पुर्‍याउनुपरेको छ ।' उनको जोड थियो- स्वतन्त्रता र समानताको खम्बामा उभिएको नेपाली कांग्रेस पार्टीले यो विषयलाई 'इग्नोर' गरेर अगाडि जान सक्दैन ।

माथि उल्लेख गरिएका विषय प्रश्न मार्फत गगनले उठाएका जोखिम हुन् । भावी प्रधानमन्त्रीका रूपमा जनता र पार्टीबाट अनुमोदन हुनुपूर्व कांग्रेसलाई महाधिवेशनसम्म र मुलुकलाई निर्वाचनसम्म पुर्‍याउनै पर्दछ । त्यसका लागि संसद् पुनर्स्थापनाको कानूनी बाटो भन्दा पनि जनतामै जाने विषयलाई प्राथमिकता दिइएको उनको अभिव्यक्तिबाट स्पष्ट हुन्छ । उनी भन्दैछन्, 'निर्वाचनमा जाने नै हो, त्यसका निम्ति कुनै पनि थ्रेट कांग्रेसलाई स्वीकार्य छैन ।' पार्टीभित्रका आन्तरिक महाधिवेशनबारे पनि उनी स्पष्टैसँग भन्दैछन्, 'तोकिएकै मितिमा नियमित महाधिवेशन सम्पन्न गरौं, युवालाई राजनीतिमा प्राथमिकता दिऔं, यदि नियमित महाधिवेशन सम्पन्न गर्ने सवालमा पार्टीभित्रको कुनै पनि तह, तप्का वा पक्ष बाधक भए त्यही मितिदेखि विशेष महाधिवेशन प्रारम्भ हुनेछ ।' उनी स्पष्ट छन्, 'नेतृत्व त परिवर्तन भएरै छाड्छ ।' त्यसो त उनले असोज ३ गते पार्टी पदाधिकारी बैठकमा जेनजी विद्रोहलाई आत्मसात् गर्दै महाधिवेशनको, त्यो पनि नियमित महाधिवेशनको माग औपचारिक रूपमा राखेका थिए ।

पार्टी संस्थापन पक्षले उनको मागलाई नजरअन्दाज गरेकै कारण पुन: असोज २७ गते केन्द्रीय समिति बैठकमै मंसिर २७ देखिको कार्यतालिका नै प्रस्तुत गरिदिए । असोजदेखि मंसिरसम्मको रस्साकस्सीपछि अबचाहिं महामन्त्रीद्वय थापा र विश्वप्रकाश शर्माले महाधिवेशन सम्पन्न गर्न भ्याउँदैनन् भनेरै पुस अन्तिम साता सम्पन्न गर्ने गरी संस्थापनले एकलौटी तालिका सार्वजनिक गरेको छ । महाधिवेशनको विषय कांग्रेसको आन्तरिक विषय भए पनि महाधिवेशनमा हुने नेतृत्व परिवर्तनको विषयले राष्ट्रिय राजनीतिमा प्रभाव त पार्छ नै । गगनले उठाएका जोखिम र कांग्रेसको आन्तरिक जीवनमा महत्वपूर्ण मानिएको महाधिवेशनको चर्चापछि 'भावी प्रधानमन्त्री गगन' भन्ने विषयमा नै थप चर्चा गरौं ।

आजका मितिमा गगनको राष्ट्रिय 'स्ट्रेन्थ' भनेकै उनको अध्ययन, इच्छाशक्ति र पछिल्ला समयमा उनले देखाएका परिपक्वपन नै हो । मुलुकमा पछिल्ला दशकमा देखिएका राजनीतिक अस्थिरताका सवालमा उनी बेखबर नभएरै होला, मुलुक निर्माणको खाका तयारका निम्ति उनी 'प्रोजेक्ट गभर्मेन्ट' नामक खाकामै लामो समयदेखि आन्तरिक 'होमवर्क' मा छन् । लामै समयदेखि विज्ञ सम्मिलित गृहकार्यमा रहेका गगनले मुलुक निर्माणको 'ब्ल्यु प्रिन्ट' तयार गरिसकेको बताइन्छ । पार्टीभित्र र मुलुकमै रहेर उनको प्रतिस्पर्धामा रहेकाहरूका लागि 'हवाई' झैं लाग्ने उनको कार्ययोजना कार्यान्वयनका लागि भने उनी प्रधानमन्त्री बन्नै पर्दछ । जसको पहिलो शर्त हो, जनताबाट निर्वाचित हुँदै कांग्रेस पार्टीबाट संसदीय दलको नेता बन्नु । हिजो प्रश्नमा अभ्यस्त गगन आज विश्वलाई चकित पार्ने जेनजी विद्रोहपछि नेपाली राजनीतिलाई नै 'लय' मा ल्याउन पार्टी र मुलुकमा निर्वाचन हुनैपर्ने तर्क सहित दृढतापूर्वक दुवै तहको निर्वाचनको पक्षमा उभिएका छन् । जेनजी विद्रोहको समयमा भएको अप्रिय घटनाको प्रत्यक्ष मारमा उनी पनि पर्न पुगे ।

तथापि, विचारमा बेमेल हुँदा पनि सरकार निर्माणमा राजी भइहाल्ने 'सत्ता राजनीति' बाट वाक्क जनताको मनोभावना बुझेरै हुनुपर्दछ, जेनजी विद्रोहपछि उनले आफूलाई संयमित बनाउँदै प्रश्न गर्न चटक्कै छाडेर उत्तर लिएर आए । हो, आज साँच्चै मुलुकलाई उत्तर चाहिएको छ, प्रश्न होइन । मुलुक पटक-पटक राजनीतिको प्रयोगशाला बन्न पनि सक्दैन । अब त्यो रोक्न जरूरी छ । मुलुकको अवस्था आज साँच्चै असामान्य छ । सरकार र दलहरूमा अझै पनि विश्वासयोग्य वातावरण बन्न सकेको छैन । शान्ति-सुरक्षाका हिसाबले सरकार आफैं कहाँ छ भनेर सोध्नुपर्ने अवस्था आज छ । हुँदाहुँदा निर्वाचन गर्ने म्यान्डेड पाएको सरकारकै स्थायित्वबारे प्रश्न उठ्न थालिसकेको छ ।

यस्तो बेला सुरक्षा निकाय र सरकार स्वयंको मनोबल बढाउने नेतृत्व मुलुकलाई चाहिएको छ । एउटा पार्टीको महामन्त्रीकै हैसियतले पनि गगन निर्वाचन मार्फत ताजा जनादेश लिनैपर्ने भएकाले सरकारलाई निर्वाचनका सवालमा साथ दिनुपर्ने बताएर जिम्मेवार नेताका हिसाबले राजनीतिमा परिपक्वपन देखाएको छ । राजनीतिलाई विकृत बनाउने भ्रष्टाचारका बारे त उनी पार्टी वा जुनसुकै तहको जोसुकै परे पनि अख्तियार जस्तो संवैधानिक निकाय र सरकार भ्रष्टाचारका विरुद्धमा निर्मम बन्नैपर्ने तर्क जोडदार रूपमा गर्दै आएका छन् ।

कांग्रेस सभापति जित्ने कुरामा त 'नो डाउट', जनताबाट अनुमोदित हुँदै प्रधानमन्त्रीमा अब गगन पुग्दै गर्दा कम्तीमा मुलुकले गर्ने अपेक्षा भनेकै संयमित कूटनीतिक सम्बन्ध, संविधान संशोधन, सुशासनमा निर्मम, प्रोजेक्ट गभर्मेन्ट मार्फत मुलुक निर्माणका निम्ति तयार गरिएको 'ब्ल्यु प्रिन्ट', वर्तमान संविधानले एउटै राजनीतिक दलले बहुमत ल्याएर सरकार निर्माण गर्न सक्ने अवस्था नरहेकैले जनताले पत्याउने व्यक्तिको नेतृत्वमा सर्वदलीय, सर्वपक्षीय सरकारसँगै जेनजी पुस्ताले कल्पना गरेको जस्तो देश निर्माणमा आफूलाई केन्द्रित गर्न जरूरी छ । तब मात्र जेनजी विद्रोहले परिकल्पना गरे जस्तो देश निर्माण सम्भव छ । यहाँ प्रधानमन्त्रीको 'हट सीट' मा पुग्नुपूर्व गगनलाई देवत्वकरण गर्न खोजिएको होइन, कांग्रेसले जनताबाट ठूलो पार्टीका रूपमा आफूलाई पाउनका निम्ति भने 'भावी प्रधानमन्त्री गगन' भनेर जनता बीच जाँदा नै कांग्रेसको आकार बढ्ने निश्चित छ ।

उनले राज्य सञ्चालनको प्रारम्भिक संकेत ९ महिने स्वास्थ्य मन्त्री रहँदा नै देखाइसकेका छन् । आन्तरिक लोकतन्त्र कमजोर रहेको एमाले, पूर्वप्रधानमन्त्रीहरूको क्लब झैं देखिएको नेपाली कम्युनिष्ट पार्टी, विभाजनको बिम्ब बनेको मधेशवादी र सुशासनकै मुद्दामा चुकेका 'नयाँ' भनिएका पार्टीबाट मुलुकले प्रधानमन्त्री पाउने सम्भावना न्यून छ । सोही कारण पनि समयमै महाधिवेशन सम्पन्न गरेर नेतृत्व परिवर्तन गरी जेनजी पुस्ताको समेत भरोसायुक्त राजनीतिक दल बन्दै उक्त दलबाट गगन थापाले मुलुकको नेतृत्व गर्ने समयको पूर्वसन्ध्यामा छन्, गगन थापा । यहाँनेर भन्नैपर्ने हुन्छ, कांग्रेसभित्र र बाहिरको ठूलो पंक्तिले भावी प्रधानमन्त्रीका रूपमा हेर्न चाहेको व्यक्ति गगन नै हो । किनकि, मूलधारका राजनीतिक दलका ठूला पंक्ति यतिबेला यथास्थितिमै रमाउन पुगेकै समय उनी भने आफू र आफू सम्मिलित पार्टीलाई 'परिवर्तन' को धारमा उभ्याउँदै सिंगै देशलाई रूपान्तरण गर्ने जोखिम उठाउँदैछन् ।

*(साभार: अनलाइनखबर)*

# दिगो विकास र गरिबीको अन्तरसम्बन्ध

सुदर्शन अधिकारी

नेपालमा दिगो विकासका लागि विगत एक दशकदेखि अनेक प्रयास हुँदै आएको छ । सर्वप्रथम शून्य गरिबी र नेपाल शीर्षकअन्तर्गत दिगो विकास लक्ष्य वा शून्य गरिबीको लक्ष्य प्राप्त गर्न नेपालले प्रतिव्यक्ति आयलाई सन् २०३० सम्ममा २५ सय डलर पुर्‍याउने लक्ष्य लिएको छ । यसै गरी सन् २०३० सम्ममा सामाजिक सुरक्षा कार्यक्रमको लागि नेपाल सरकारले आफ्नो बजेटको १५ प्रतिशतसम्म खर्च गर्ने योजना बनाएको छ । नेपालले चालू पञ्चवर्षीय योजनाले बहुआयामिक गरिबीलाई दिगो आर्थिक विकासमार्फत कम गर्दै लैजाने लक्ष्य लिनुका साथै निरपेक्ष गरिबीको दरलाई पाँच प्रतिशतभन्दा कममा झार्ने दीर्घकालीन लक्ष्य लिएको छ । यसै गरी शून्य भोकमरीको लागि खाद्यान्न सुरक्षा, पोषणमा सुधार र दिगो कृषि विकासलाई प्रवर्द्धन गर्ने योजना रहेको छ ।

नेपालले शून्य भोकमरीको लक्ष्य प्राप्त गर्न सन् २०३० सम्ममा कुपोषणको अन्त्य तथा खाद्य सुरक्षामा विशेष जोड दिएको छ । कुपोषित जनसंख्याको प्रतिशतलाई सन् २०३० सम्ममा तीन प्रतिशतमा झार्ने लक्ष्य राखिएको छ । साथै प्रतिव्यक्ति खाद्यान्न उत्पादन ५३० किलो प्रतिव्यक्ति पुर्‍याउने लक्ष्य राखेको छ । सम्मानजनक श्रम, आर्थिक वृद्धि र नेपाल शीर्षकअन्तर्गत सम्मानजनक श्रम र आर्थिक वृद्धि प्राप्त गर्नका लागि नेपालले सन् २०३० सम्ममा ७ प्रतिशतको प्रतिव्यक्ति कुल ग्रार्हस्थ्य उत्पादनको वृद्धिदर हासिल गर्ने लक्ष्य राखेको छ । सन् २०३० सम्ममा रोजगारीका क्रममा हुने विभिन्न दुर्घटनाहरुलाई १५ प्रतिशतभन्दा तल झार्ने लक्ष्य राखेको छ ।

चालू सोह्रौं योजनाले दिगो विकास लक्ष्य अनुरुपको सम्मानजनक श्रम र आर्थिक वृद्धि हासिल गर्न योजना अवधिभरमा २५ लाख थप रोजगारी सिर्जना गर्नको लागि विभिन्न रोजगार मूलक कार्यक्रमहरुको प्रवर्द्धन गर्ने योजना राखिएको छ, जुन ज्यादै नै चुनौतीपूर्ण समेत रहेको छ । अर्को शीर्षक गुणस्तरीय शिक्षा र नेपालअन्तर्गत संयुक्त राष्ट्रसघीय दिगो विकास लक्ष्य अनुरुप समावेशी र समानुपातिक धारणा अनुरुप विभिन्न तहमा प्रदान गरिने शिक्षामा पिछडिएको वर्गलाई विशेष स्थान दिइँदै आएको छ । गुणस्तरीय शिक्षा सुधारका लागि नेपालमा माध्यमिक तहको शिक्षालाई नि:शुल्क गरिएको छ । प्राथमिक र माध्यमिक तहको शिक्षालाई गुणस्तरीय बनाउन नेपालमा शिक्षक-विद्यार्थी अनुपात ४० मा राख्ने लक्ष्य रहेको छ ।

नेपालले सन् २०९० सम्ममा युएनडीपीका दिगो विकासका १७ वटा लक्ष्यहरु प्राप्त गर्ने प्रतिबद्धता लिएको छ । उक्त लक्ष्य प्राप्त गर्न चालू सोह्रौं योजनाको आवधिक र दीर्घकालीन उद्देश्य रहेको छ । यसै गरी यस अवधिका बजेटहरुलाई पनि दिगो विकास लक्ष्य अनुरुप निर्माण र परिचालन गरिँदै आएको छ । अब चर्चा गरौं, गरिबीका सन्दर्भमा । परिवारको आयले न्यूनतम आवश्यकता जस्तै- गाँस, बास, कपास, स्वास्थ्य आदि खरिद गर्न असमर्थ हुने अवस्था गरिबी हो भनेर परिभाषित गरिएको छ । गरिबी प्राय: सबै विकासशील समाजको साझा समस्या हो । गरिबीका विभिन्न कारणहरु रहेका हुन्छन् । तीव्र जनसंख्या वृद्धि पनि प्रमुख कारण रहेको देखिन्छ, गरिबीको अवस्था सिर्जना हुनुमा । तीव्ररुपमा जनसंख्या वृद्धिसँगै देशको आर्थिक वृद्धि हुन नसक्दा प्रतिव्यक्ति आयमा पनि गिरावट हुन जान्छ ।

रोजगारी आयको प्रमुख स्रोत भएकोले बेरोजगारी र गरिबीको श्रमशक्तिको उल्लेख्य हिस्सा पूर्ण बेरोजगार रहेको पाइन्छ । जसका कारण नेपालमा गरिबीको दर न्यूनीकरणमा उल्लेख्य प्रगति गर्न सकेको अवस्था छैन । त्यसै गरी पूर्वाधारहरुको असमान वितरण पनि गरिबीको अर्को कारण बनेको देखिन्छ । समानरुपमा पूर्वाधारहरुको विकास गर्न सकिएमा मात्र गरिबी कम गर्न सहज वातावरणको सिर्जना गर्न सकिन्छ । यदि असमान रुपले पूर्वाधारको विकास गरियो भने विकास नभएको स्थानका मानव झन् धेरै गरिबीमा रहन बाध्य हुन्छन् । तसर्थ पूर्वाधारको असमान वितरण हटाउन सक्नुपर्छ । अर्को कारण रहेको छ कि औद्योगिकीकरण । आधुनिक उद्योगहरुले उपलब्ध साधनहरुको वैज्ञानिक रुपमा सदुपयोग गरी ठूलो मात्रामा रोजगारी सिर्जना गर्छन् । न्यून औद्योगिकीकरण हुनु भनेको अवसरहरुको कमी हुनु पनि भएकोले गरिबी कम गर्नका लागि उद्योगहरुको विकास र विस्तारमा जोड दिनुपर्छ ।

परम्परागतरुपले खेती गर्ने परिपाटी गरिबीको अर्को कारण रहेको देखिन्छ । परम्परागत कृषि पेसामा आबद्ध व्यक्तिले प्राकृतिक साधनहरुको कम उपयोग गर्छन् । यसले उत्पादकत्व कम हुन्छ । उपलब्ध स्रोत-साधनको उपयोग वैज्ञानिक रुपले गर्न सक्ने हो भने उत्पादन वृद्धि गर्न सहज हुन्छ । उत्पादन वृद्धि भएमा स्वत: आर्थिक अवस्था बढ्न जान्छ र गरिबी कम गर्न सहयोग पुग्छ । कुनै अर्थ व्यवस्थामा प्राकृतिक साधनहरुको वैज्ञानिक र उचित तरिकाले प्रयोग गर्न सकिएमा प्रतिव्यक्ति आय, रोजगारी आदिमा वृद्धि गर्छ । यस्तो वृद्धिले गरिबी कम गर्न महत्वपूर्णरुपमा सहयोग पुग्छ । तसर्थ प्राकृतिक साधनहरुको भरपूररुपमा उपयोग गरी गरिबी घटाउन सकिन्छ । देशमा राजनीतिक अस्थिरता रहेमा नेतृत्व र नीति निर्माण तहमा स्थायित्व रहँदैन । जसले गर्दा आर्थिक योजनाको निर्माण, परिचालन, अनुगमनजस्ता विषयहरु प्रभावहीन बन्छन् । तसर्थ राजनीतिक अस्थिरता र नीतिगत समस्या पनि गरिबीको प्रमुख कारण बनेको तीतो वास्तविकता छँदै छ ।

गरिबी हटाउने अनेकौं उपायहरु पनि रहेका छन् । सामाजिक सुरक्षाले उनीहरुलाई न्यूनतम आवश्यकता पूरा गर्न सक्षम बनाउँछ । दृष्टान्तका लागि बृद्ध भत्ता, एकल महिला भत्ता, फरक क्षमता भएकाहरुका लागि दिइने भत्ता आदि सामाजिक सुरक्षा कार्यक्रमहरुले आर्थिक रुपले कमजोर व्यक्तिहरुलाई न्यूनतम आवश्यकता पूरा गर्न सहयोग गरेको हुन्छ । तसर्थ यस्ता कार्यक्रमहरु मार्फत गरिबी कम गर्न सहज वातावरणको सिर्जना हुन्छ ।

*क्रमश: पृष्ठ-३....*




# एनपीएलका महँगा खेलाडी : शेर मल्ल चम्किए, अन्यको प्रदर्शन कस्तो ?

काठमाडौं/सिद्धार्थ बैंक नेपाल प्रिमियर लिग (एनपीएल) को दोस्रो संस्करणमा लिग चरणका २८ खेल सकिएको छ र प्लेअफ पुग्ने चार टोलीको टुङ्गो पनि लागिसकेको छ । यस्तै ब्याटिङमा विदेशी खेलाडी हावी हुँदा बलिङमा नेपाली खेलाडीहरुको वर्चस्व छ । तर दोस्रो संस्करणका लागि गरिएको मिनी अक्सनमा महँगा खेलाडी बनेका खेलाडीहरुको प्रदर्शन भने सस्तो देखिएको छ ।



दोस्रो संस्करणमा चार खेलाडी सबैभन्दा बढी १५ लाखमा अनुबन्ध भएका थिए । तर उनीहरुको प्रदर्शन भने यो अनुबन्ध भन्दा ठिक विपरित देखियो । यस्तै ६ खेलाडी १० लाखमा अनुबन्ध भएका थिए । त्यसमा लुम्बिनी लायन्सबाट खेलिरहेका स्पीनर शेर मल्ललाई छाडेर अन्यको प्रदर्शन अपेक्षा अनुसार हुन सकेन ।

शेर मल्लले आफ्नो स्पीन जादु देखाउँदै लुम्बिनीलाई प्लेअफ सम्म पुऱ्याउन ठूलो योगदान गरे । साथै उनी लोअर अर्डमा ठूलो प्रहार गर्न पनि सक्षम छन् भन्ने देखाए । महँगा खेलाडीमध्ये शेर मल्लले लिग चरणमा ७ खेलबाट १० विकेट लिँदै सर्वाधिक विकेट लिनेमा संयुक्त रुपमा पाँचौ स्थानमा रहे ।

सर्वाधिक १५ लाखमा अनुबन्ध हुनेमा चितवन राइनोजकै दुई खेलाडी अर्जुन साउद र देव खनाल थिए । अर्जुन विकेटकिपर ब्याटर हुन् भने देव टप अर्डर ब्याटर हुन् । अक्सनमा चितवनले यी दुई खेलाडी पाउँदा जुन खुशी थियो खेलमा भने त्यो उनीहरुले दिन सकेनन् । यस्तै काठमान्डु गोर्खाजका अलराउण्डर आदिल आलम र कर्णाली याक्सका अलराउण्डर पवन सर्राफ थिए । यी चारै खेलाडीले सोचे अनुसार खेल देखाउन सकेनन् ।

अक्सनमा सबैभन्दा महँगा रहेका १० खेलाडीको टिम र प्रदर्शन यस्तो छ ।

**देव खनाल र अर्जुन साउद (१५ लाख) - चितवन राइनोज**

अक्सनमा सबैभन्दा धेरै रकम खर्च गर्ने टोलीमा चितवन राइनोज थियो । उसले दुई खेलाडीलाई सर्वाधिक १५ लाख अर्चर गरेर अनुबन्ध गरेको थियो । ती खेलाडी थिए विकेटकिपर अर्जुन साउद र ब्याटर देव खनाल । तर दुवै खेलाडीले मैदानमा अपेक्षा अनुसार खेल देखाउन सकेनन् । देवले ७ खेल खेल्दा ५ खेलमा ब्याटिङ गर्दै १२८ रन बनाए । उनको उच्च स्कोर ३५ थियो । काठमान्डु विकेट बलिङ पनि गरे विकेट लिन सकेनन् ।

यस्तै अर्जुन साउद विकेटकिपर ब्याटरको भूमिकामा खेलेका थिए । उनी ओपनर भएपनि उनलाई सुरुको चार खेलमा फिनिसरको रोलमा खेलाइएको थियो जसले गर्दा खासै रन निस्केन उनको ब्याटबाट । कर्णाली र लुम्बिनीविरुद्ध समान ८ रनमा अविजित रहेका उनले विराटनगरविरुद्ध ब्याटिङ गरेनन् । विकेटकिपिङमा १ क्याच लिएका थिए । काठमान्डुविरुद्ध भने २ रनमा आउट भए ।

चितवनका पछिल्ला तीन खेलमा भने उनले ओपनिङ गरे । जनकपुरविरुद्ध ५२ रन बनाउँदा सुदूरपश्चिमविरुद्ध १६ रन बनाए । पोखरा विरुद्ध १ रनमा आउट भए । अर्जुनले लिग चरणमा जम्मा ८७ रन बनउदा १ क्याच लिए ।

**मोहम्मद आदिल आलम (१५ लाख) - काठमाण्डु गोर्खाज**

**आदिल आलम**

अक्सनको सबैको नजर भएको र बोली लगाएका खेलाडी थिए मोहमम्द आदिल आलम । उनका लागि लागि ८ वटै टोलीले बोली लगाउँदा काठमान्डु गोर्खाज लक्की ड्र मा भाग्यमानी बनेको थियो । पहिलो पटक एनपीएलमा समावेश भएका उनले अपेक्षा अनुसार खेल देखाउन सकेनन् ।

आदिल आलमलले ७ खेल खेल्दा ६ खेलमा ब्याटिङ गर्दै जम्मा ६७ रन मात्र बनाउन केन । उनले लिग चरणमा विराटनगर विरुद्ध अविजित ४८ रन बनाएका थिए । त्यो नै उनको उच्च स्कोर रह्यो । उनले कर्णाली विरुद्ध ब्याटिङ गरेनन् । यस्तै उनले पोखरा विरुद्ध बलिङ पनि गरे तर विकेट लिन सकेनन् ।

**सन्तोष यादव (१० लाख) -काठमाण्डु गोर्खाज**

काठमान्डुले नै अक्सनमा धेरै पैसा खर्चेका अर्को खेलाडी युवा अलराउण्डर सन्तोष यादव हुन् । उनले सुरुमा मिडल अर्डरमा ब्याटिङ पछिल्ला खेलमा ब्याटिङ गरेननज् । सन्तोषले ७ खेलमा ४ खेलमा ब्याटिङ गर्दै ५३ रन बनाए भने ३ खेलमा ब्याटिङ गरेनन् । उनले बलिङमा सबै खेलमा बलिङ गरे । ५ खेलमा १-१ विकेट गरी कूल ५ विकेट लिए ।

नेपाली राष्ट्रिय टिमका पूर्व मुख्य प्रशिक्षक मोन्टी देसाईले सुरुवात देखि नै सन्तोषलाई पहिलो रोजाईमा खेलाउँदै अवसर दिएका थिए । सुरुमा राम्रो सम्भावना देखाएपनि पछिल्ला खेलहरुमा भने उनले प्रदर्शन देखाउन सकेनन् ।

**हेमन्त धामी (१० लाख) - सुदुरपश्चिम रोयल्स**

हेमन्त धामीले यस सिजन लिगमा ५ खेल खेल्दै ६ विकेट लिए । उनले ४ खेलमा विकेट लिँद १ खेलमा विकेट लिन सकेनन् । पहिलो खेलमा काठमान्डु र चौथो खेलमा लुम्बिनीविरुद्ध २-२ विकेट लिए । तर पूर्व टिम जनकपुर विरुद्ध विकेट लिएनन् ।

स्कट कुग्लेइन र अविनाश बोहरा जस्ता बलर हुँदा उनलाई पनि फाइदा कन्फिडेन्स पनि बढेको देखिएको थियो । पछिल्लो खेलहरुमा भने हेमन्त धामी पहिलो रोजाईंमा खेलेका छैनन् । उनको स्थानमा आइकोनिक हिक्मत महराले खेले । हेमन्तले काठमान्डु र लुम्बिनीविरुद्ध ब्याटिङ गर्दा ३ र १ रनमा अविजित रहे ।

**सूर्य तामाङ (१० लाख) - विराटनगर किङ्स**

यस सिजन विराटनगरले अक्सनबाट स्पीनर सूर्य तामाङलाई १० लाखमा अनुबन्ध गरेको थियो । तर उनको रकम अनुसारको प्रदर्शन भने भएन । उनले ५ खेलमा जम्मा ४ विकेट लिए । ३ खेलमा मात्र विकेट लिए । सुरुवाती चार खेलपछि सूर्य दुई खेलमा ड्रप भएका थिए । लिगको अन्तिम खेल सुदूर पश्चिमसँग तर विकेट लिएनन् ।

**शेर मल्ल र दिलिप नाथ (१० लाख) - लुम्बिनी लायन्स**

लुम्बिनी लायन्सले पनि अक्सनमा दुई खेलाडीलाई महँगो र कम तिरेको थियो । त्यसमा स्पीनर शेर मल्ल र विकेटकिपर ब्याटर दिलिप नाथ थिए । शेरले पहिलो सिजन च्याम्पियन टिम जनकपुर बोल्ट्सबाट खेलेका थिए । तर जनकपुरले उनले दोस्रो सिजनअघि रिलिज गरेपछि धेरैको नजरमा उनी थिए । लुम्बिनीले पनि स्पीनर सूर्य तामाङलाई रिलिज गरेको हुँदा शेर लाई अनुबन्ध गऱ्यो । शेरले त्यो अनुसारको खेल पनि देखाए । उनी एक खेलमा प्लेअर अफ दि म्याच समेत बने ।

शेरले लिग चरणमा ७ खेल खेल्दा कूल १० विकेट लिए भने ब्याटिङमा ३९ रन पनि बनाए । उनले काठमान्डु विरुद्ध २७ रन बनाएका थिए । जुन उनको उच्च स्कोर थियो । यस्तै विराटनगर विरुद्ध ३-२५ उत्कृष्ट बलिङ । पहिलो खेलमा चितवन र सुदूर पश्चिमविरुद्ध विकेट लिन सकेनन् । ५ खेलमा विकेट लिए । त्यसैगरी विकेटकिपर दिलिपले लिग चरणमा सबै ७ खेल खेले । तर सुरुवाती दुई खेलमा सामान्य चोटका कारण उनले विकेटकिपिङ गरेनन् । आइकोनिक प्लेअर समिर अलीले किपिङ गरेका थिए । त्यसपछि दिलिपले दुई खेलमा किपिङ गरे ।

दिलिपले ७ खेलमा ब्याटिङ गर्दै ११३ रन बनाए । सुदूरपश्चिमविरुद्ध ३१ रन उनको उच्च स्कोर थियो । पछिल्लो खेलमा विराटनगरलाई हराउँदै अविजित १५ रनको पारी खेलेका थिए ।

**पवन सर्राफ (१५ लाख) - कर्णाली याक्स**

**पवन सर्राफ**

आदिल आलम जस्तै पहिलो पटक एनपीएल खेल्ने अर्को खेलाडी हुन पवन सर्राफ । उनलाई कर्णाली याक्सले १५ लाखमा अनुबन्ध गरेको थियो । पवनले ७ खेल खेल्दै ब्याटिङमा १०९ रन बनाए । उनको उच्च स्कोर ३५ रन काठमान्डु विरुद्ध थियो ।

पवनले ५ खेलमा ब्याटिङ गर्ने अवसर पाए । सुरुवात राम्रो पाएपनि निरन्तरता दिन सकेनन् । लुम्बिनीविरुद्ध ब्याटिङ र बलिङ दुवै पाएनन् । ७ मध्ये ४ खेलमा बलिङ गर्दा ३ खेलमा विकेट लिए । उनको नाममा जम्मा ३ विकेट रह्यो ।

**युवराज खत्री (१० लाख) - कर्णाली याक्स**

कर्णालीले अक्सनबाट युवा लेग स्पीनर युवराज खत्रीलाई पनि अनुबन्ध गरेको थियो । अक्सनमा ठूलो रकम खर्च गरिएको थियो । लेग स्पीनमा नयाँ विकल्पको रुपमा हेरिएको खेलाडी हुन युवराज ।

सुरुवातदेखि नै उनले पहिलो रोजाइमा खेलेपनि बलिङमा खासै धेरै अवसर पाएनन् । ५ खेल खेल्दा ४ खेलमा बलिङ गरे । तर जम्मा ३ विकेट मात्र लिए । उनले ३ खेलमा मात्र विकेट लिए । विराटनगरविरुद्ध बलिङ गरेनन् । सुदूरपश्चिम विरुद्ध ब्याटिङ गरेपनि शुन्यमा आउट भए ।

समग्रमा ५ खेल खेल्दा जम्मा ३ विकेट उनको नाममा रह्यो । जनकपुरविरुद्ध लिगको अन्तिम खेलमा ड्रप भएका थिए ।

*(स्रोत:अनलाइनखबर)*

# बागमती प्रदेशमा आत्महत्या रोकथाम सम्बन्धी बहुपक्षीय कार्यशाला सम्पन्न




हेटौंडा, २२ मंसिर/ बागमती प्रदेशमा आत्महत्या रोकथामका लागि बहुपक्षीय सरोकारवालाबीच कार्यशाला गोष्ठी सम्पन्न भएको छ । राष्ट्रिय मानव अधिकार आयोग बागमती प्रदेश कार्यालय हेटौंडाको आयोजना तथा कोशिश नेपालको सहकार्यमा सोमबार आयोजित उक्त कार्यक्रम "आत्महत्या रोकथामबारे संवाद सुरु गरौं, दृष्टिकोण बदलौं" भन्ने मूल अभियानसहित सम्पन्न भएको हो ।

कार्यक्रमका प्रमुख अतिथि तथा बागमती प्रदेश सरकारका स्वास्थ्य मन्त्री किरण थापा मगरले आत्महत्या न्यूनीकरणका लागि जोखिममा रहेका व्यक्तिले देखाउने संकेत पहिचान गर्दै समयमै ध्यान दिन आवश्यक रहेको बताए् । सेप्टेम्बर १० लाई विश्व आत्महत्या रोकथाम दिवसका रूपमा मनाइने गरेको स्मरण गर्दै उनले संघ-संस्था तथा सरकारी/गैर-सरकारी क्षेत्रलाई समाधानमुखी योजनासहित अघि बढ्न आग्रह गरे । ग्रामीण क्षेत्रमा सचेतना विस्तारको आवश्यकता औंल्याउँदै उनले "जोखिममा रहेका व्यक्तिहरुको कुरा सुन्ने संस्कृतिले पनि आत्महत्या दर घटाउन सहयोग गर्छ" भने ।

राष्ट्रिय मानव अधिकार आयोग बागमती प्रदेश कार्यालयका प्रमुख चन्द्रकान्त चापगाईंले कार्यक्रमले प्रदेशमा बढिरहेको आत्महत्या घटनाको चुनौती, वर्तमान कार्यक्रमको कार्यान्वयन अवस्था, उपलब्धि तथा मार्गचित्र पहिचान गर्न सहयोगी हुने बताए । आत्महत्या रोकथामका क्षेत्रमा सरकारी तथा गैर-सरकारी क्षेत्रमा भइरहेको योगदान, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तथ्यांक र अनुभव प्रस्तुत गरिएको उनले उल्लेख गरे ।

त्यस्तै, आयोगका लेखा अधिकृत जितेन्द्र कार्कीले १५-३४ वर्ष उमेर समूह सबैभन्दा बढी जोखिममा रहेको तथ्यांक प्रस्तुत गरे । सामाजिक, आर्थिक, पारिवारिक चाप, मानसिक तनाव, दीर्घरोग, रक्सी तथा लागूपदार्थ सेवन, मनोसामाजिक असन्तुलन लगायतका कारण आत्महत्याको घटना बढिरहेको उनले जानकारी दिए । बागमती प्रदेश कार्यालयका तथ्यांकअनुसार आ.व. २०८१/८२ को कार्तिकसम्म २९३ जनाले आत्महत्या गरेको तथ्यांक प्रस्तुत गरिएको थियो ।

कार्यक्रममा इन्सेक बागमती प्रदेश संयोजक शिवप्रसाद खकुरेलले आत्महत्या न्यूनीकरणका लागि समस्या पहिचान, मनोसामाजिक परामर्श, गरिबी निवारण र दीर्घकालीन योजना आवश्यक रहेको बताए । कोशिश नेपालकी थम कुमारी कुँवरले संस्थाको पहल, अन्तर्राष्ट्रिय अनुभव तथा रोकथाम रणनीतिबारे कार्यपत्र प्रस्तुत गरिन् ।

यसै गरी स्वास्थ्य कार्यालय मकवानपुरका किरण श्रेष्ठ, प्रहरी उपरीक्षक मुकुन्द रिजाल तथा स्वास्थ्य मन्त्रालय महाशाखाका प्रमुख दिनेश रुपाखेतीले पनि तीन वर्षको कार्यक्रम स्थिति, उपलब्धि, चुनौती तथा भावी कार्ययोजनाबारे प्रस्तुति दिएका थिए । कार्यक्रममा प्रदेशका सरकारी तथा गैरसरकारी संस्था, सुरक्षाकर्मी, मानव अधिकारकर्मी तथा मनोसामाजिक क्षेत्रमा सक्रिय सरोकारवालाहरूको सहभागिता रहेको थियो ।

# एसिया प्यासिफिक फिल्म महोत्सवमा 'आँखा' बन्यो उत्कृष्ट

काठमाडौं/निर्देशक जौन योञ्जनको निर्देशनमा बनेको नेपाली फिल्म 'आँखा'ले अन्तर्राष्ट्रिय मञ्चमा ठूलो सफलता प्राप्त गरेको छ । हालै मलेसियामा सम्पन्न ६२औं एसिया प्यासिफिक फिल्म महोत्सवमा यस फिल्मलाई 'उत्कृष्ट फिल्म' घोषित गर्दै अवार्ड प्रदान गरिएको छ । फिल्मकी मुख्य अभिनेत्री स्मिता लामिछानेले अवार्ड ग्रहण गरेकी थिइन् ।




फिल्मले अवार्ड जितेपछि अभिनेत्री लामिछानेले आफ्नो खुसी सामाजिक सञ्जालमार्फत व्यक्त गरेकी छन् । उनले लेखेकी छन्, 'यो हाम्रो सम्पूर्ण टिमका लागि निकै ठूलो उपलब्धि हो । यो कथा र हाम्रो यस यात्रामा विश्वास गर्ने सम्पूर्ण कलाकार, प्राविधिक टोली र प्रिय दर्शकहरूलाई म फदयदेखि धन्यवाद व्यक्त गर्न चाहन्छु ।'

स्मितासँगै पशुपति राई, निशा अधिकारी, आरके मेहता, विजय बराल, बुद्धि तामाङ लगायतको अभिनय रहेको यो फिल्मले सुकुम्बासी बस्तीमा जीवनयापन गरिरहेका सामान्य मानिसहरूको कथा, सैर्ष र यथार्थलाई गहिरो रुपमा चित्रण गरेको छ । फिल्मले घरेलु बक्स अफिसमा अपेक्षित प्रदर्शन गर्न नसकेको भए पनि समीक्षा राम्रो पाएको थियो ।

सोही फेस्टिभलमा अर्को नेपाली फिल्म 'शाम्बाला'ले पनि अवार्ड जित्न सफल भएको छ । मीन बहादुर भामको निर्देशनमा बनेको यो फिल्मले ब्याकग्राउन्ड स्कोर विधामा अवार्ड प्राप्त गरेको हो । फिल्मले यसअघि राष्ट्रिय अवार्ड सहित लोकार्नो, निफ लगायतका प्रतिष्ठित फेस्टिभलमा अवार्ड जितिसकेको छ ।

# दिगो विकास र गरिबी...

नेपाल कृषिमा निर्भर देश भएकोले यसको वैज्ञानिक विकासमा जोड दिनुपर्छ । कृषिमा आधुनिकीकरण मार्फत उत्पादकत्व वृद्धि गरी कृषिमा आबद्ध जनसंख्याको आम्दानीमा वृद्धि गर्न सकिन्छ । त्यसैले कृषिमा आधुनिकीकरण गर्न विशेष कदम चाल्नुपर्छ । यस्तै गरिबी लक्षित कार्यक्रमहरु सञ्चालनमा पनि जोड दिनुपर्छ । मानव संसाधन वा जनशक्तिको उत्पादकत्व र उद्यमशीलतामा प्रवर्द्धन गरी तिनीहरुको आयस्तरमा वृद्धि गर्न सकिन्छ ।

मानव संसाधनको विकासका लागि सामाजिक सेवाहरु जस्तै- शिक्षा, स्वास्थ्य, खानेपानी, पोषण आदिमा सुधार गर्नुपर्ने हुन्छ । त्यसैले गरिबी निवारणका लागि मानव संसाधनको विकासमा विशेष र प्रभावकारी कार्य सम्पादन गर्नुपर्छ । कतिपय कार्यक्रमहरु गरिब नागरिक सम्म नपुगेको अवस्था रहेको छ । गरिब लक्षित विशेष कार्यक्रमहरुको तय गरी त्यसको प्रभावकारीरुपमा कार्यान्वयनमा जोड दिनुपर्छ । गरिबी हटाउन वा कम गर्नका लागि औद्योगिकीकरणमा जोड दिनुपर्छ । उद्योगहरुले प्राकृतिक स्रोत, पूँजी तथा मानव संसाधनको उच्च प्रयोगमार्फत रोजगारी तथा अवसरहरुको विस्तार गर्ने हुनाले गरिबी निवारणका लागि औद्योगिकीकरणलाई जोड दिनु अत्यन्तै आवश्यक छ । साथै गरिबी हटाउन सहभागितामूलक विकास योजना आवश्यक पर्छ ।

विकासका आयोजनाहरुमा स्थानीय व्यक्तिहरुको प्रत्यक्ष सम्लग्नता रहनुलाई सहभागितामूलक विकास भनिन्छ । यस्ता योजनाहरुमा स्थानीयहरु योजनाको छनोट, बजेट निर्माण, योजना परिचालन र अनुगमनमा प्रत्यक्ष सहभागी हुने हुनाले योजनामा लागू गरिएका सबै आर्थिक साधन र स्रोतहरु स्थानीयकै पहुँचमा जाने हुँदा तिनीहरुको आय तथा रोजगारीमा वृद्धि हुन्छ । गरिबी निवारणका लागि अर्को महत्वको विषय हो, पूर्वाधारहरुको विकास र विस्तार । सडक, सञ्चार, ऊर्जा, सिंचाइजस्ता पूर्वाधारहरुको विस्तारले ग्रामीण र दुर्गम स्थानमा रहेका विभिन्न आर्थिक स्रोतहरुको बजार परिचालनमा विस्तार हुन जान्छ । यसरी परिचालित साधनहरु मार्फत ती स्थानमा रहेका व्यक्तिहरुको आयमा सुधार हुन गई गरिबी निवारणमा थप सहयोग पुग्छ । अर्को महत्वपूर्ण विषय रहेको छ, राजनीतिक स्थिरता । यसको अभावमा कुनै पनि कार्यक्रमहरुको प्रभावकारीरुपमा कार्यान्वयन गर्न सकिँदैन ।

देशको आर्थिक, सामाजिक, सांस्कृतिक सबै प्रकारको विकास गर्न सर्वप्रथम त राजनीतिक स्थिरताको खाँचो रहन्छ । राजनीतिक स्थिरता भएमा मात्र हरेक कार्यक्रम सहजरुपले लक्षित स्थान र वर्गसम्म लैजान सकिन्छ । राजनीतक स्थिरताको अभावमा एउटा सरकारले ल्याएको राम्रो कार्यक्रम पनि विनाकारण रोकिन्छन् । कर्मचारीहरु पनि स्थिर सरकार नभएमा काम गर्न चासो र जाँगर लगाउँदैनन् । सरकार परिवर्तनसँगै उच्च तहका कर्मचारीहरुको सरुवा हुने परिपाटीले पनि योजनाहरु समयमा नै सम्पन्न हुन सक्दैनन् । यस्तो हाम्रो सन्दर्भमा भने एक प्रकारको संस्कृति नै बनेको देखिन्छ । हामीले आफ्नो स्रोत-साधनहरुको प्रयोगले मात्र गरिबी निवारणका कार्यक्रमहरु अगाडि बणउन सक्दैनौं, तसर्थ विभिन्न दातृ राष्ट्र तथा संस्थाहरुको आर्थिक सहयोगको आवश्यकता रहन्छ । त्यस्तो सहयोग प्राप्त गर्नका लागि पनि देशमा राजनीतिक स्थिरताको खाँचो रहन्छ ।

गरिबी निराकरण गर्ने कार्य सरकार एक्लैको प्रयासले मात्र सम्भव छैन । यसका लागि विभिन्न गैरसरकारी संघसंस्थाहरुको आर्थिक तथा प्राविधिक सहयोग चाहिन्छ । तिनीहरुलाई विश्वासमा लिनका लागि पनि देशमा राजनीतिक स्थिरता हुनु जरुरी हुन्छ । गैरसरकारी संस्थाहरुलाई निर्धक्क भएर काम गर्ने वातावरण सिर्जना गर्न पनि राजनीतिक स्थिरता अनिवार्य हुन्छ । विश्व बैंक, एसियाली विकास बैंक, युएनडीपीजस्ता अन्तर्राष्ट्रिय निगम वा संस्थाहरुले नेपालमा विभिन्न क्षेत्रमा सहयोग गरिरहेका छन् । यस्ता संस्थाहरुले गरिबी निवारणको लागि पनि बर्सेनि लगानी गरी काम गर्दै आएको हुनाले उनीहरुलाई साथमा नै लिएर कार्य गर्नुपर्ने हुँदा यसमा पनि ध्यान दिनुपर्छ ।

*(साभार: न्यूज अफ नेपाल)*

# पल शाह स्टारर 'आ बाट आमा'को टिजर रिलिज



काठमाडौं/द्वन्द्व निर्देशकको रुपमा परिचित चन्द्र पन्तको निर्देशनमा बनेको फिल्म 'आ बाट आमा'को टिजर सार्वजनिक गरिएको छ । झन्डै २ मिनेट लामो टिजरले फिल्मको कथावस्तुबारे संकेत दिएको छ । भावनात्मक सम्बन्धलाई केन्द्रमा राखिएको टिजरमा परदेशिन लागेको छोराप्रति आमाबुबाको प्रेमलाई मर्मस्पर्शी रूपमा देखाइएको छ ।

टिजरमा अभिनेता पल शाह सिरानीमाथि पासपोर्ट राखेर सुतेको दृश्य देखिन्छ, जसले उनी परदेशिन लागेको संकेत गर्छ । उनकी आमा विपना थापा र बुबा प्रदीप रावत छोरालाई हेर्दै भावविह्वल भएका छन् । परदेशिन लागेको नेपाली युवा र त्यससँगै जोडिएको परिवारको संवेदनशील कथालाई निर्देशक चन्द्र पन्तले फिल्ममा मनछुने ढंगमा उतार्ने प्रयास गरेको टिजरमै अनुभूत हुन्छ ।

आगामी माघको १६ गतेबाट प्रदर्शनमा आउन लागेको यस फिल्ममा विपना, प्रदीप र पलसहित सिम्रन पन्त, साइग्रेस पोखरेल, उषा उप्रेती, रविन्द्र झा, गजित बिष्ट, अंशु महर्जन, बेगम नेपाली लगायतको अभिनय रहेको छ । निर्देशक पन्तकै कथा तथा पटकथा लेखन रहेको फिल्ममा अमर न्यौपाने, अभिमन्यू निरवी र चन्द्र पन्तले संवाद लेखेका हुन् ।

कृष्ण प्रसाद सुवेदी, ओमकार पन्त, प्रकाश जंग कुँवर, ध्रुव प्रसाद न्यौपाने र क्षितिज ढुंगानाको लगानी रहेको फिल्ममा नवराज उप्रेतीको छायांकन, गम्भीर बिष्ट र दिलिप ओखडाको कोरियोग्राफी, कोशिश क्षेत्री, थानेश्वर गौतम, बाबुल गिरी, अभी सुनारको संगीत, एलिस कार्की र शैलेन्द्र मान प्रधानको ब्याकग्राउन्ड स्कोर तथा साहिल खान र मिलन श्रेष्ठको सम्पादन छ ।

# 'झिँगेदाउ २'को छायांकन सुरु

काठमाडौं/ज्ञानेन्द्र देउजाको निर्देशनमा बन्ने नयाँ फिल्म 'झिँगेदाउ २'को छायांकन सुरु गरिएको छ । सोमबार काभ्रेको पनौतीमा शुभमुहूर्त गरेपछि अभिनेता आर्यन सिग्देलले पहिलो सट दिए । फिल्मका लागि उनले लामो दाह्री पालेका छन् । उनको लुक्स हेर्दा फिल्ममा उनी गाउँले युवकको भूमिकामा देखिने अनुमान गर्न सकिन्छ ।

साढे तीन करोड लागत अनुमान गरिएको फिल्मको छायांकन सेड्युल ६० दिनको राखिएको छ । यो अवधिमा पनौतीसहित काठमाडौं, भक्तपुर, साँखु, तनहुँ, बन्दीपुर, देवघाट, दोलखा, चित्लाङ र पालुङमा छायांकन गरिने फिल्मका लागि पनौतीमा भव्य सेट समेत लगाइएको छ । फिल्मलाई आगामी वर्षको दशैंमा प्रदर्शन गर्ने योजनामा निर्माण पक्ष छ ।

कपनगढी सिनेमा र फिल्म क्रिउ नेपालको संयुक्त ब्यानरमा निर्माण हुने फिल्ममा आर्यनसहित सरोज खनाल, महेश त्रिपाठी, केकी अधिकारी, आँचल शर्मा, कुशल बिष्ट, बसुन्धरा भुषाल, हिँउवाला गौतम, अभय राज बराल लगायतको अभिनय रहनेछ । फिल्मको कथा निर्देशक देउजा स्वयंको हो भने पटकथा परिच्छेद सेन, गोविन्द फुयाल र शिशिर चालिसेले लेखेका हुन् ।

फिल्ममा विष्णु घिमिरे 'कल्पित'को छायांकन, रोशन श्रेष्ठको द्वन्द्व निर्देशन, रामजी लामिछानेको कोरियोग्राफी, अर्जुन पोखरेलको संगीत, मित्र डि गुरुङको सम्पादन रहनेछ । फिल्मका निर्माता सुलभ प्रतिक देउजा र समीक्षा देउजा हुन् । २०७९ सालमा प्रदर्शन भएको 'झिँगेदाउ'को कथा जहाँ टुंगिएको थियो, सिक्वेल त्यहीँबाट सुरु हुने जनाइएको छ ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# जेनजी प्रदर्शनमा अत्यधिक बल प्रयोग भएको एम्नेस्टीको निष्कर्ष

साझाकुरा संवाददाता

हेटौंडा, २२ मंसिर/ जेनजी प्रदर्शनका क्रममा सुरक्षा निकायले कम घातक हतियारको दुरुपयोग र घातक हतियारको प्रयोग गरी अनावश्यक तथा अत्यधिक बल प्रयोग गरेको एम्नेस्टी इन्टरनेसनलले निष्कर्ष निकालेको छ ।



सोमबार सार्वजनिक गरिएको प्रतिवेदनले अन्तर्राष्ट्रिय मानवअधिकार कानुनको गम्भीर उल्लंघन भएको जनाइएको छ । भदौ २३ गतेको प्रदर्शनमा संसद् भवनको मुख्य प्रवेशद्वारमा चढेका प्रदर्शनकारीमाथि प्रहरीले एफएन एफएएल प्रहार गरेको देखिएको थियो । त्यसैगरी मूल गेट नजिकैबाट प्रदर्शनकारीको टाउकोमा सीधै ताकेर सटगनले गोली प्रहार गरिएको पनि रिपोर्टमा उल्लेख छ । टाउकोको सतहमा प्रहार गरिएको यो कार्य अन्तर्राष्ट्रिय मानवअधिकार कानुन तथा बल र बन्दुकको प्रयोगसम्बन्धी मापदण्डको स्पष्ट उल्लंघन भएको प्रतिवेदनमा औँल्याइएको छ ।

यस्ता हतियार प्रयोग गर्दा कम्मरभन्दा तल मात्र लक्षित गर्नुपर्ने र शरीर छेड्ने जोखिम नपार्ने नजिकबाट प्रयोग गर्न नहुने मापदण्ड रहेको एम्नेस्टीले जनाएको छ । एम्नेस्टी इन्टरनेसनलले नेपालका कानुन कार्यान्वयन गर्ने अधिकारीहरूले शान्तिपूर्ण प्रदर्शनकारीविरुद्ध कम घातक हतियारको दुरुपयोग गर्नुका साथै घातक हतियारको प्रयोग गरी अनावश्यक र अत्यधिक बल प्रयोग गरेको जनाएको छ । स्वास्थ्यकर्मी, प्रदर्शनकारी र प्रदर्शन आयोजकले दिएको बयानका आधारमा, नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र (आईसीसीपीआर) को धारा ६ मा संरक्षित जीवनको अधिकारको स्पष्ट उल्लंघन हुने गरी प्रहरीले भिडमा धातुको गोली प्रहार गर्दै र प्रदर्शनकारी तथा सडकपेटीमा रहेका सर्वसाधारणको टाउको, घाँटी र छातीमा प्रहार गर्दै घातक बलको अवैध प्रयोग गरेको पाइएको उल्लेख छ ।

पानीको फोहोरा, अश्रुग्यास र रबरको गोलीजस्ता काइनेटिक इम्प्याक्ट प्रोजेक्टाइल लगायत कम घातक हतियारलाई पनि जीवन नै जोखिममा पार्ने खालका चोट र स्थायी अपाङ्गता पैदा गर्ने गरी लापरबाहीपूर्वक र अन्तर्राष्ट्रिय मापदण्डविपरीत प्रयोग गरिएको थियो । यसबाट बल तथा बन्दुकको प्रयोगसम्बन्धी संयुक्त राष्ट्रसंघीय आधारभूत सिद्धान्तमा उल्लिखित आवश्यकता र समानुपातिकताको सिद्धान्तको उल्लंघन भएको प्रतिवेदनमा उल्लेख छ । अन्तर्राष्ट्रिय मानवअधिकार कानुनले पानीको फोहोरा प्रयोग गर्दा मानिस निस्कने र तितरबितर हुने बाटोहरु सुनिश्चित गर्नुपर्ने प्रावधान राखेको छ ।

तर, भदौ २३ को जेनजी प्रदर्शनमा छोटो दूरीबाट उच्चचापको पानीको फोहोरालाई व्यक्तिमाथि प्रहार गरिएको निष्कर्ष एम्नेस्टीले निकालेको छ । प्रतिवेदनअनुसार सडकछेउको रेलिङमा अड्किएका व्यक्तिमाथि पनि फोहोरा प्रहार गरिएको थियो । प्रदर्शनमा बालबालिकाको उपस्थिति हुँदाहुँदै पनि लापरबाहीपूर्वक पानीको फोहोरा प्रयोग गर्नबाट प्रहरी पछि नहटेको र यसको अन्तर्राष्ट्रिय मापदण्डविपरीत प्रयोगले बालबालिका लगायत प्रदर्शनकारी गम्भीर घाइते भएको निष्कर्ष निकालिएको छ ।

प्रहरीको प्रतिवेदनअनुसार जेनजी प्रदर्शनका क्रममा ६ हजार २ सय ७९ सेल अश्रुग्यास प्रयोग भएको थियो । भदौ २३ गतेको प्रदर्शनमा उत्रिएकाहरूमाथि अश्रुग्यासका ग्रेनेड नजिकैका भवनको छतबाट प्रहार गरिएको वा भीडलाई सीधै लक्षित गरिएको पाइएको उल्लेख छ । अन्तर्राष्ट्रिय मानवअधिकार कानुन अनुसार व्यापक हिंसाको अवस्थामा मात्रै अन्य कम घातक माध्यमबाट हिंसा नियन्त्रण गर्न नसकिएपछि मात्र अश्रुग्यास प्रयोग गर्नुपर्ने हुन्छ । त्यसरी अश्रुग्यास प्रयोग गर्दा हिंसात्मक समूहलाई तितरबितर पार्ने र उनीहरूलाई हिंसा गर्नबाट रोक्न मात्रै प्रयोग गर्नुपर्ने मापदण्ड रहेको एम्नेस्टीको प्रतिवेदनमा उल्लेख छ ।

# एकताबद्ध कांग्रेसले मुलुकका समस्या समाधान गर्छ: मुख्यमन्त्री बानियाँ



साझाकुरा संवाददाता

हेटौंडा, २२ मंसिर/ बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले एकताबद्ध पार्टीले नै मुलुकका समस्या समाधान गर्ने बताएका छन् ।

नेपाली कांग्रेस मकवानपुरको बागमती गाउँपालिका-९ बेतिनी वडा इकाइ समितिद्वारा बेतिनीमा आयोजित अगुवा कार्यकर्ता भेला तथा सम्मान कार्यक्रमलाई सम्बोधन गर्दै मुख्यमन्त्री बानियाँले यस्तो बताएका हुन् । नेपाली कांग्रेस बागमतीका प्रदेश सभापतिसमेत रहेका बानियाँले मुलुक निर्वाचनमा गएकाले पार्टीभित्र थप एकता आवश्यक रहेको बताए । 'देश चुनावमा गएको छ । पार्टीभित्र पनि चुनाव हुँदैछ । अब आन्तरिक विवादमा रुमल्लिनु हुँदैन,' उनले भने, 'पार्टीले योग्य व्यक्तिलाई उम्मेदवार चयन गर्नेछ, टिकट नपाउनेले अन्तर घातमा लाग्नु हुँदैन। अन्तरघात गर्दा पार्टी कमजोर हुँदैछ, अब त्यस्तो हुनुहुँदैन ।'

नेपाली कांग्रेसले लोकतन्त्रका निम्ति भएका सबै संघर्षको नेतृत्व गरेको भन्दै बानियाँले अब आर्थिक समृद्धिको नेतृत्व पनि काँग्रेसले नै गर्ने बताए । २००७ मा प्रजातन्त्र प्राप्तिको संघर्ष, ३० वर्षे निरंकुश पञ्चायत, माओवादीको हिंसात्मक युद्धको अन्त्य माओवादीकै नेतृत्वमा भएको चर्चा गर्दै उनले मुलुकको हितका निम्ति कांग्रेसले अग्रसर रहेको बताए । उनले जनताको सेवाको निम्ति कांग्रेस पार्टी गठन भएको भन्दै कांग्रेसको विजयका निम्ति जनताको नजिक रहेर काम गर्न कांग्रेस नेताकार्यकर्तालाई आग्रह गरे ।

मुख्यमन्त्री बानियाँले मकवानपुर र ललितपुर जोड्ने मोटरेवल पुल निर्माणका लागि बजेट व्यवस्थापन गर्ने प्रतिबद्धता जनाए । कांग्रेस मकवानपुरका सभापति बुद्ध लामाले कांग्रेस सबैलाई समेट्न सक्ने पार्टी भएको बताए । विकासको नेतृत्व कांग्रेसले गर्ने भन्दै लामाले जनतालाई भदभाव नगरी पालिका नेतृत्वले विकास गर्नुपर्ने बताए । बाटो, पुल लगायतका विकासका सपना कांग्रेसले नै गर्ने उनको भनाइ थियो ।

कार्यक्रममा ४० जना अगुवा कार्यकर्तालाई सम्मान गरिएको थियो । कार्यक्रममा कांग्रेस जिल्ला सहसचिव इन्दिरा न्योपाने, क्षेत्रीय सभापति दामोदर खनाल लगायत उपस्थित थिए ।

**सिक्रेदोभानको पुल वैशाखभित्रै बन्छः मुख्यमन्त्री बानियाँ**

मुख्यमन्त्री बानियाँले पूर्वाधार विकास नहुँदासम्म नागरिकको आर्थिक जीवनस्तर माथि उठ्न नसक्ने बताएका छन् । काभ्रेको खानीखोला गाउँपालिकामा सोमबार आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै मुख्यमन्त्री बानियाँले सडक, पुल, बिजुलीजस्ता पूर्वाधार विकासलाई प्राथमिकता दिनुपर्ने बताए ।

'सडक, पुल, बिजुली जस्ता पूर्वाधारको विकास नगर्दासम्म नागरिकले परिवर्तनको अनुभूति गराउन सकिँदैन' उनले भने, 'त्यसैले मेरो नेतृत्वको सरकारको ध्यान पूर्वाधार विकासमा रहेको छ ।' मुख्यमन्त्री बानियाँले यस क्षेत्रका नागरिकको जीवन सहज बनाउन सिक्रेदोभानको पुल र गत असोजमा बागमती नदीले कटान गरेको ७०० मिटर बाटो निर्माण गरिने बताए । त्यसअघि मुख्यमन्त्रीले सिक्रेदोभान पुलको अवलोकन गरी आगामी वैशाखभित्र निर्माण सम्पन्न गर्न निर्माण कम्पनीलाई निर्देशन समेत दिएका थिए । प्रदेशलाई विकासको पर्याय बनाउनुपर्ने उनको भनाई छ । नदीले कटान गरेको बाटो निर्माणका लागि तत्कालै बजेट उपलब्ध गराउने प्रतिबद्धता जनाए ।

# उचित क्षतिपूर्ति दिलाउन सरकारकारी निकायमा दौडधुप गरेँः नगरप्रमुख लामा



साझाकुरा संवाददाता

हेटौंडा, २२ मंसिर/ हेटौंडा उपमहानगरपालिका प्रमुख मीनाकुमारी लामाले मंसिर ५ गते सडक डिभिजन हेटौंडाबाट २५/२५ गजभित्र पर्ने संरचना हटाउन सूचना जारी भएको दिनदेखि नै पीडितलाई क्षतिपूर्ति दिलाउन आफू संघीय निकायमा दौडधुपमा लागेको दाबी गरेकी छन् ।

सडकछेउका संरचना भत्किएपछि प्रभावित स्थानीयको चासो बढेको सन्दर्भमा उनले सामाजिक सञ्जालमार्फत प्रतिक्रिया व्यक्त गर्दै सडक विस्तारलाई 'असामान्य तर, आवश्यक' कार्यकारुपमा व्याख्या गरेकी छन् । 'सडक विस्तारको सूचना आएसँगै मैले पीडितलाई उचित क्षतिपूर्ति दिलाउन संघीय सरकारका विभिन्न निकायमा दौडधुप गरेँ,' नगरप्रमुख लामाले लेखेकी छन् । उनले सडक विस्तारमा साथ दिने स्थानीय नागरिक, संघीय मन्त्री कुलमान घिसिङ, बागमती प्रदेश सरकार, जिल्ला प्रशासन, प्रजिअ, सडक डिभिजन, सुरक्षा निकाय, स्थानीय युवा तथा उपमहानगरका जनप्रतिनिधि र कर्मचारीप्रति आभार व्यक्त गरेकी छन् ।

उनका अनुसार घर तथा संरचना भत्किएका नागरिकले भोगेको क्षतिलाई न्यूनीकरण गर्नु नगर पालिका सुरुदेखिकै प्रतिबद्धता हो । आइतबार नगर कार्यपालिकाको बैठक बसेको थियो । नगरप्रमुखका हैसियतले यस कार्यको 'जसअपजस' दुवै आफूले वहन गर्ने उल्लेख गर्दै उनले पीडितका लागि नगर कार्यपालिकाको बैठकबाट गरिएको निर्णय सार्वजनिक गरेकी छन् । उनका अनुसार भत्किएका घरसंरचना पुनर्निर्माणका लागि सहुलियत ऋण उपलब्ध गराउने प्रक्रियामा उपमहानगरपालिका अर्थ मन्त्रालयसँग छलफल अघि बढाउनेछ ।

संरचना पुनर्निर्माणका कानुनी पाटालाई द्रुततररुपमा अघि बढाइने र अनावश्यक झन्झट हटाइने उनको भनाइ छ । प्रभावित व्यवसायीलाई व्यवसाय कर छुट दिलाउन पहल गरिने उनले उल्लेख गरेकी छन् । सडक विस्तारका कारण घरबारविहीन बनेकाहरुको आवास व्यवस्थापनमा पनि नगरपालिका सक्रिय रहने उनले बताइन् । प्रभावित नागरिकले नयाँ संरचना निर्माण गर्दा २ हजार वर्गफुटसम्म नक्सापास दस्तुरमा छुट दिने प्रस्ताव नगरपालिकाले अघि सार्ने तयारी भएको उनले जनाइन् ।

चौडा सडकसँगै हेटौंडाका ऐतिहासिक, सांस्कृतिक र सामाजिक महत्व बोकेका संरचनाको पुनर्निर्माण पनि आवश्यक रहेको उनले विशेष जोड दिइन् । सडक विस्तारपछि देखिएका समस्या, राहत र सहुलियत सम्बन्धी प्रस्तावलाई आइतबार बसेको कार्यपालिका बैठकले नगरसभासमक्ष पेस गर्ने निर्णय गरेको उपमहानगरले जनाएको छ । प्रमुख लामाले अब भत्किएका संरचना चाँडो पुनर्निर्माण गरी चौडा सडकसहित 'नमुना हेटौंडा' निर्माणमा सबैपक्ष एकजुट हुनुपर्ने बताउँदै नागरिकलाई साथ सहयोगका लागि आह्वान गरेकी छन् ।

# शिक्षाका लागि राष्ट्रिय अभियान प्रदेश समितिमा खतिवडा

साझाकुरा संवाददाता

हेटौंडा, २२ मंसिर/ शिक्षाका लागि राष्टियअभियान बागमती प्रदेश समितिको साधारण सभा र अधिबेशन समितिको अध्यक्ष प्रकाश खतिवडाको सभाध्यक्षतामा बागमती प्रदेशको बिभिन्न जिल्लाको प्रतिनिधिको सहभागितामा हेटौंडामा सम्पन्न भएको छ ।

समितिका सचिव र ामचन्द्र आचार्यले वार्षिक कार्यप्रगति प्रतिबेदन प्रस्तुत गर्दै बागमती प्रदेशमा सार्वजनिक शिक्षा सुदृढिकरण, अनिवार्य, निशुल्क र गुणस्तरीय शिक्षाअधिकार सुनिश्चितताको लागि गरिएका अभियानको बारेमा प्रस्तुतीकरण गरेका थिए । सीमित साधनबाट पनि धेरै कार्य गर्न सकिएको उनले बताए । कोषाध्यक्ष अनिता नेपालीले सस्थाको आयब्यय प्रस्तुत गर्दै कार्यक्रम संस्थामा आवद्ध संस्थाले खर्च ब्यहोरेको र खर्च नलाग्ने कार्यक्रम बढिमात्रामा संचालन भएको कारणले सम्पन्न भएको कार्यक्रमसँग खर्च मिलान नभएको स्पष्ट पारिन् ।

कुमारी वाईबाले कार्यक्रमको औचित्य स्पष्ट पारेकी थिइन् । अभियान बागमती प्रदेश समिति अध्यक्ष खतिवडाले संस्थाले शिक्षाअधिकार सुनिश्चितताको लागि सामाजिक विकास मन्त्रालय, स्थानीय पालिकासँग सहकार्य गरेको, प्रदेश शिक्षाक्षेत्र योजना बनाउन सरकारसँग सहकार्य गरेको बताउदै सार्वजनिक शिक्षा सुदृढिकरणमा सरकार र नागरिक संस्थासँग सहकार्य गरेको बताए ।

खतिवडाले संस्थाको भाबिकार्ययोजना प्रस्तुती गर्दै शिक्षासँग सामाजिक समाबेशिकरण, शिक्षासँग अपाङ्गता र सबैलाई शिक्षामा पहुँच पुऱ्याउँदै टिकाउने र बिकाउने शिक्षामा जोड दिन पैरबी गर्ने बताए । सभाले पुन: प्रकाश खतिवडाको अध्यक्षतामा ९ सदस्यीय बागमती प्रदेशस्तरीय कार्यसमिति चयन गरेको छ । समितिको उपाध्यक्षमा दिलबहादुर रम्तेल, सचिवमा रामचन्द्र आचार्य, कोषाध्यक्षमा अनिता नेपाली चयन भएका छन् भने सदस्यमा कुमारी वाईबा, बुद्धवीर लामा, लक्ष्मी थापा, भक्त भ्लोन र शोभा आचार्य रहेका छन् ।

# विकासको नाममा नागरिकलाई विस्थापित गर्न पाइँदैनः नेता श्रेष्ठ

साझाकुरा संवाददाता

हेटौंडा, २२ मंसिर/ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का नेता विराजभक्त श्रेष्ठले हेटौंडा बजारक्षेत्रमा सडक विस्तारको नाममा जनताको घर भत्काउनु विनाश भएको टिप्पणी गरेका छन् ।

सामाजिक सञ्जाल मार्फत् धारणा राख्दै नेता श्रेष्ठले जनतालाई रुवाएर गरिने काम विकास नभई 'विकासको नाममा विनाश' भएको टिप्पणी गरेका हुन् ।

श्रेष्ठले आफू बागमती प्रदेशसभा सदस्य हुँदादेखि नै हेटौंडाको सडक विस्तारको विषयलाई प्रदेशसभा र विभिन्न फोरममा उठाउँदै आएको बताएका छन् । उनले विकासको विरोधी आफूहरु नभएको तर, विकासका नाममा नागरिकलाई विस्थापित गर्न नहुने बताए ।

सडकको मापदण्ड कायम हुनुपर्ने भएपनि त्यसको विधि, प्रक्रिया र स्थानीय पीडित नागरिकको उचित व्यवस्थापन गर्नु राज्यको दायित्व भएको उनको भनाई छ ।

संविधानले नागरिकलाई हकअधिकार सम्पन्न बनाएपनि त्यसबाट बञ्चित गराउने कामको जवाफदेहिता कसले लिने भन्दै नेता श्रेष्ठले प्रश्न गरे ।

सडक विस्तार रोक्न शुक्रबार मात्रै सर्वोच्च अदालतले अल्पकालीन अन्तरिम आदेश दिएको भएपनि त्यसको बेवास्ता गर्दै घर भत्काइएको श्रेष्ठले भनाई छ । 'हामीले सम्बन्धित निकायलाई सुझावस्वरुप भनेका पनि थियौं, संवाद गरेर मात्रै अगाडि बढ्नुस् । तर, त्यसो भएको महशुस भएन' उनले लेखेका छन् ।

शुक्रबार मात्र सर्वोच्च अदालतले सडक विस्तार रोक्नू भनेर आदेश दिएको छ । एकाबिहानै हेटौंडाको मुख्य सडकमा घर भत्काइएका दृश्यले कानून कमजोर भयो कि जनतालाई हेप्ने बानी बलियो भयो भन्ने प्रश्न फेरि उठ्यो । हिजो काठमाडौंमा सडक विस्तारको नाममा घर भत्काइए । आज हेटौंडामा रगत पसिनाले जोडिएका इतिहास बोकेका घरहरु ढले ।

व्यवस्था बदलिए, सरकार फेरिए तर, फरक केही छैन । दु:ख पनि त्यही, पीडा पनि त्यही अनि व्यथा पनि त्यही । अन्तिममा जहिले पनि चोट भोग्नुपर्ने नेपाली जनताले नै हो ।'

# सुकुम्वासी समस्या समाधानको पहल गरिदिन प्रचण्डसमक्ष आग्रह

साझाकुरा संवाददाता

हेटौंडा, २२ मंसिर/ नेपाली कम्युनिष्ट पार्टीका संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड' ले सुकुम्वासी समस्या समाधानका लागि पहल गरिरहेकै अवस्थामा आफ्नो सरकार ढालिएको कारण समस्याको पूर्णसमाधान गर्न नसकिएको बताएका छन् ।



नेपाल केन्द्रीयस्तरीय बस्ती व्यवस्थापन समितिको ज्ञापनपत्र बुझ्दै संयोजक प्रचण्डले यो कुरा बताएका हुन् ।

पछिल्लो सरकारको नेतृत्व गरेको अवधि चितवन, महोत्तरी लगायतका स्थानबाट भूमिहीन तथा सुकुम्वासीको समस्या समाधानको काम सुरु गरिएको भएपनि पछिल्ला सरकारले यसतर्फ आवश्यक पहल नगरेको उनले बताए । समस्या समाधानका लागि पहल लिने प्रतिबद्धता उनले व्यक्त गरे । नेपाल केन्द्रीय बस्ती व्यवस्थापन समितिले देशभरका भूमिहीन तथा सुकुम्वासीको समस्या समाधानका लागि तत्काल पहल गर्न नेपाली कम्युनिष्ट पार्टीका संयोजक 'प्रचण्ड' समक्ष आग्रह गरेको हो ।

समितिका अध्यक्ष अजय वैगारसहितको केन्द्रीय कार्यसमितिले पार्टी केन्द्रीय कार्यालय, पेरिसडाँडामा संयोजक प्रचण्डलाई भेटी ज्ञापनपत्र बुझाएको हो । दीर्घकालीनरुपमा भूमिहीन, सुकुम्वासी तथा विपन्न नागरिकको जीवनस्तर सुधारका लागि राज्यले प्रभावकारी कदम चाल्नुपर्ने भन्दै समितिले त्यसका लागि सक्रिय पहल गरिदिन आग्रह गरेको हो ।

**समितिले राखेका प्रमुख मागहरूः**

१) भूमिहीन किसान तथा सुकुम्वासीलाई प्रतिपरिवार तराईमा दुई विगाह जमिन उपलबध गराइयोस् । तराई तथा पहाडमा भएका वझो जमिनलाई कृषिकार्यको लागि प्रयोग गर्न आवश्यक नीति बनाई लागु गरियोस् । जाजरकोट, रुकुम पश्चिमलगायत जिल्लाका भूकम्पपीडितहरु र तराई मधेशका बाढीपिडित भूमिहिन सुकुमवासीलाई तत्काल तराईक्षेत्रमा जग्गा उपलब्ध गराई बसोवासको व्यवस्था गरियोस् ।

२) भूमिहीन सुकुमवासीको वडास्तर वाटै पहिचान गरी निजहरुका छोरा छोरीलाई कक्षा १२ सम्म छात्रवृत्रि सहित नि:शुल्क अध्यनको व्यवस्था गरियोस् र परिवारका सबै सदस्यको निशुल्क स्वास्थ्यउपचार र स्वास्थ्य बीमाको व्यवस्था गरियोस् ।

३) बाबुआमाको नागरिकता नभएको कारण जन्मदर्ता गर्नबाट बञ्चित दलित तथा सीमान्तकृत समुदाय समेतका बालबालिकाको जन्मदर्ता सहज तरिकाले गर्न गराउनका लागि सम्बन्धीत निकायलाई तत्काल आवश्यक निर्देशन जारी गरियोस् । समितिले भूमिहीन सुकुम्वासीको समस्या दीर्घकालीन समाधानका लागि सरकार र पार्टी नेतृत्वको प्रभावकारी हस्तक्षेप अब अनिवार्य भइसकेको बताउँदै प्रधानमन्त्री भन्दा पहिले संयोजक प्रचण्डलाई ज्ञापनपत्र बुझाएको बताइएको छ ।

# हेटौंडा फुटबल एकेडेमी पराजित

साझाकुरा संवाददाता

हेटौंडा, २२ मंसिर/ सर्लाहीको हरिपूर नगरपालिकामा जारी पहिलो संस्करणको हरिपुर गोल्डकप फुटबल प्रतियोगिताको पहिलो खेलमा मकवानपुरको हेटौंडा फुटबल एकेडेमी पराजित भएको छ ।

हरिपूर नगरपालिका-२, स्थित नवसंघर्षशील युथ क्लबको आयोजनमा सोमबार भएको पहिलो खेलमा रौतहट जिल्लाको चिडियादहा स्टारसँग ३-० गोलले हेटौंडा फुटबल एकेडेमीको टिम पराजित भएको हो । सोमबारको खेलमा पराजित भएसँगै हेटौंडा फुटबल एकेडेमी प्रतियोगिताबाट बाहिरीएको छ भने चिडियादहा क्वाटरफाइनलमा प्रवेश गरेको छ । सुरुवातीचरणमा पहिलो हाफको २० मिनेटको खेलसम्म दुबै तर्फबाट कुनै पनि गोल हुन सकेको थिएन् ।

त्यसपछि पहिलो हाफको २५ मिनेटमा गोल गर्दै चिडियादहाको तर्फबाट विज्ञान खड्काले पहिलो अग्रता दिलाएका थिए । चिडियादहाका सन्देश चौधरीले पहिलो हाफकै ३० मिनेटमा गोल गरेर २-० को स्थितिमा पुऱ्याए । २-० गोलको स्थितिले पछि परेर दवाबमा रहेको हेटौंडा फुटबल एकेडेमीविरुद्ध विज्ञान खड्काले अन्तिम गोल गरे । हरिपुर युवा समाजको सहआयोजनामा, हरिपुर नगरपालिकाको मुख्य प्रयोजमा तथा २ नम्बर वडा कार्यालयको सहप्रयोजनमा प्रतियोगिता भएको हो ।

प्रतियोगितामा १० वटा टिमको सहभगिता रहेको छ । प्रतियोगिताको उपाधि विजेता टिमले एकलाख ५० हजार रुपैयाँ सहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् भने उपविजेता टिमले ७५ हजार रुपैयाँ सहित शिल्ड मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् । प्रतियोगिताको फाइनल खेल पुस १ गते हुनेछ ।

# तत्कालीन माओवादी नेता ग्लानद्वारा पार्टी छोडेको घोषणा

साझाकुरा संवाददाता

हेटौंडा, २२ मंसिर/ तत्कालीन नेकपा माओवादीका नेता तथा बागमती प्रदेशसभा सदस्य ओम ग्लानले सहकर्मीहरुको साथ छोडेका छन् ।

सोमबार एक बिज्ञप्ती जारी गर्दै पार्टी छोडेको घोषणा गरेका हुन् । विज्ञप्तीमा नेपालमा थुप्रै क्रान्ति र व्यवस्थाहरु परिवर्तन भइरहँदा ग्लानले पनि ऐतिहासिक जनक्रान्ति महान युद्धमा सहभागी भएर योगदान गरेको अवस्थालाई स्मरण गर्दै र आबद्ध दलले उनीप्रति देखाएको उदारता र सदासयतालाइ हार्दिकताका साथ सम्मान र स्वीकार गर्दै नेकपा तत्कालीन माओवादीको उनको राजनीतिक यात्राक्रम टुंग्याउने निर्णय गरेको छ ।

उनले बिगतका योगदान र इतिहासप्रति गर्व गर्दै मुल नेतृत्व नेता तथा कर्याकर्ता तथा जनतामा आभार प्रकटसहित फरक ढंगको यात्रामा जोडिने भएको छ ।

पार्टीलाई आफ्नो कारण असहज नहोस् भन्ने हेतुले नैतिकताको आधारमा आजको मितिबाट सोही दलको कुनैपनि जिम्मेवारीमा नरहने गरी स्वतन्त्र भएको ग्लानले बताएका छन् ।

साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादकः सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना